# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन

## मेलुङ गाउँपालिका भेड्पु, दोलखा




**आ.व. २०८१/०८२**

# विषय सूची


परिचय खण्ड............................................................................................१

१. पृष्ठभूमि ............................................................................................१

२. अध्ययनको महत्व............................................................................. २

३. लैससास परीक्षणका उदेश्यहरू .............................................................३

४. लैससास परीक्षणले समेट्ने क्षेत्रहरू ....................................................... ४

५. लैससास परीक्षणको विधि र तरिका...................................................... ४

६. लैससास परीक्षणका सहभागी ............................................................... ६

७. लैससास परीक्षणको विश्लेषणका औजारहरू ............................................ ८

८. परीक्षणबाट आएका मुख्य प्रप्तिहरू ......................................................... ८

८.१ सूचक अनुसार प्राप्ताङ्क विवरण...........................................................१०

९. लैससास परीक्षण विधिबाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था....११

९.१ परीक्षण पश्चात सूचकहररूले प्राप्त गरेका अङ्क...............................................................११

९.२ उपसूचकहरूको माकुरे जालो............................................................. १४

९.३ मुख्य सूचकहरूको माकुरे जालो.............................................................................१५

१०. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरू.................१६

११ लैससास विकास कार्ययोजना ..............................................................२१

१२. निष्कर्ष............. ......................................................................२७

१३. सुझाव.........................................................................................................२७

अनुसूची-३............................................................................................ २९

सूचकगत प्राप्ताङ्क विवरण...............................................................................२९

अनुसूची-२............................................................................................ ४०

लैससास परीक्षणमा सहभागीहरूको विवरण.......................................................................४२

तस्बिरहरू ... ...........................................................................................४२

## परिचय खण्ड

### १. पृष्ठभूमि

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (GESI) बजेट अडिट भन्नाले कुनै देश, प्रदेश वा स्थानीय सरकारद्वारा तयार गरिने बजेट तथा सार्वजनिक खर्चमा लैङ्गिक र समावेशी दृष्टिकोण समावेश भएको छ कि छैन भन्ने कुरा मूल्यांकन गर्ने प्रक्रिया हो। यो एक प्रकारको सामाजिक लेखापरीक्षण (social audit) हो जसले सार्वजनिक स्रोतको उपयोगमा सबै वर्ग, लिङ्ग, जाति, धर्म, क्षमता, उमेर आदिका आधारमा समावेशिता सुनिश्चित भएको छ कि छैन भन्ने हेर्दछ।

नेपालको संविधानले दिशा निर्देश गरे बमोजिम समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्न राज्यका सबै अङ्ग, तह र क्षेत्रगत विषयहरूमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण (लैससास) को विषयलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गर्न आवश्यक भएको छ। नेपालको संविधानको धारा १८ मा उल्लिखित समानताको हकमा सबै नागरिक कानुनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित नगरिने व्यवस्था छ। नेपालको संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ। संविधानले महिला विरूद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरूलाई कानुन बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ। राष्ट्रिय योजना आयोगको सोर्हौ योजनाले संविधानमा व्यवस्था गरेका मौलिक हक, दिगो विकासका लक्ष्य र अन्तराष्ट्रिय सन्धि, महासन्धि र अन्य दस्तावेजका साथै नेपाल सरकारले विभिन्न समयमा व्यक्त प्रतिबद्धताहरूलाई समावेश गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐनमा पनि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) लाई जोड दिइएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा उल्लेख गरिए बमोजिम गाउँपालिका तथा गाउँपालिकाको काम, कर्तव्य र अधिकार अन्तर्गत विभिन्न बुँदाहरूले जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरू सहित सुकुम्बासी व्यवस्थापन गर्न लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन, सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन र गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन गर्ने कुराहरू उल्लेख गरिएको छ। त्यस्तै उक्त ऐनको दफा १२ मा उल्लेख गरिए बमोजिम वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत स्थानीय तहको योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रकृया अवलम्बन गरी महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड, योजना बनाउँदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिँदै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) प्रवर्द्धन गर्ने व्यवस्थालाई जोड दिएको छ। त्यस्तै वडाभित्रका विकास कार्यहरू कार्यान्वयन गर्दा उक्त वडाभित्र आर्थिक तथा सामाजिक रूपमा पछि परेका वा पारिएका महिला, बालबालिका, दलित,

अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखि सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने कुरालाई समेत स्पष्ट रूपमा औंल्याइएको छ। नेपाल सरकारले मन्त्रालय तहमा पनि लैङ्गिक तथा सामाजिक समावेशीकरण नीतिहरूलाई कार्यान्वयन तहमा ल्याउनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका "लैङ्गिक समानता तथा सामाजिक समावेशीता स्थानीयकरण रणनीति, २०७५", स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको "स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६", महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको "राष्ट्रिय लैङ्गिक समानता नीति, २०७४", शहरी विकास मन्त्रालयको "लैङ्गिक समानता तथा सामाजिक समावेशी मार्गदर्शन, २०७०" सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८ जस्ता लैससास नीति तथा मार्गदर्शन र दिग्दर्शन तयार गरिएको छ।

स्थानीय तहले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्ने उद्देश्यले स्थानीय तहले सञ्चालन गर्ने योजना तथा कार्यक्रम, नीति तथा कानुन लगायत सेवा प्रवाहमा समेत समावेशी बनाउने उद्देश्यले प्रत्येक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्नु पर्दछ। स्थानीय तहले लैससास परीक्षण कार्य हरेक आर्थिक वर्षमा गर्नु पर्नेछ। लैससास परीक्षण गर्दा गत आवमा सम्पन्न गरेको कार्यक्रमको परीक्षण चालु आ.व.को पौष मसान्तभित्रमा सम्पन्न गरी प्रतिवेदन तयार गर्नु पर्दछ। लैससास परीक्षण प्रतिवेदनले औंल्याएको विषयवस्तु उपर सम्बन्धित स्थानीय तहमा सम्बन्धित सरोकारवाहरू बिच संवेदनशिल छलफल गरी प्राप्त भएका सुझावहरूलाई आगामी योजना तथा कार्यक्रम मार्फत सुधार गर्न पृष्ठपोषणको रूपमा ग्रहण गर्नु पर्दछ।

## २. अध्ययनको महत्व

लैससास परीक्षणबाट गाउँपालिकाको नीति, योजना, कार्यक्रमहरू लैससास आधारमा सम्वेदनशील छ वा छैन भनि परीक्षण गरिने भएकोले परीक्षणबाट गाउँपालिकाले सुधार गर्नुपर्ने क्षेत्रहरूको पहिचान भइ सोही अनुसार योजना तथा बजेट तर्जुमाका लागि सहयोग गर्दछ। यस परीक्षणले नेपाल सरकारले सम्झौता गरेका विभिन्न अभिसन्धिहरू, तयार गरेका नीति तथा कार्यक्रहरू, दिगो विकास लक्ष्यका लक्ष्यहरू प्राप्तिमा सहयोग गर्नुका साथै परीक्षणपछि सहभागितामूलक प्रक्रियाले महिला, आदिवासी जनजाति, अपाङ्ग तथा अन्य लक्षित वर्गको सशक्तीकरण गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यलाई प्रवर्द्धन गर्न सहयोग गर्दछ। यस कार्यले विकास प्रकृयामा काम गर्दा, विकास कार्यक्रम तय गर्दा, साधन र स्रोतको बाँडफाँड र परिचालनलाई लैङ्गिक उत्तरदायी र सामाजिक समावेशीकरणलाई संस्थागत रुपमा सन्तुलित वनाउन सहयोग गर्दछ।

यस लैससास परीक्षण कार्यले महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक, सीमान्तकृत, किसान, श्रमिक, युवा, बाल-बालिका,

ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति आदि क्षेत्रमा ज्यादै कम लगानी गर्ने प्रवृतिमा सुधार गरी राज्यका संरचनाहरूमा सकारात्मक विभेदका नीतिहरूलाई प्रभावकारी रूपमा लागु गर्नका लागि कार्यान्वयन पक्षमा गर्नुपर्ने सुधारका पक्षहरू पहिचान गर्न मेलुङ गाउँपालिकालाई सहयोग गर्नेछ।

## ३. लैससास परीक्षणका उद्देशहरू

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास/GESI) अध्ययनको मुख्य उद्देश्य समाज रहेका सबै वर्ग, जात, लिङ्ग, धर्म, क्षमता, उमेर, यौनिकता आदिका आधारमा हुने विभेद र बहिष्करणको पहिचान गरी, तिनको न्यूनीकरणका लागि नीतिगत तथा व्यवहारिक हस्तक्षेप प्रस्ताव गर्नु हो। लैससास परीक्षणको मुख्य उद्देश्यको रूपमा गाउँपालिकाले गर्ने सम्पूर्ण क्रियाकलापहरू र विकास योजना तथा कार्यक्रमलाई लैससासमय बनाउनु र गाउँपालिकाले तयार गरेका योजना, कार्यक्रम र क्रियाकलापहरूमा स्रोतको सुनिश्चिता र उपलब्धिको समतामूलक वितरण गर्नु रहेको छ। अन्य उद्देश्यहरू निम्न रहेका छन्-ः

- संस्थागत अभ्यासको मूल्यांकन गर्ने साथै समावेशी सेवा प्रवाहको प्रभावकारिता विश्लेषण गर्नु,
- नेपालको संविधान २०७२, स्थानीय सरकार संञ्चालन ऐन २०७४ मा र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण निर्देशिका २०७६ ले व्यवस्था गरे बमोजिम स्थानीय तहले अङ्गिकार गरेको नीतिगत व्यवस्था र यसको कार्यान्वयनको अवस्थाको स्वमूल्याङ्कन गर्नु,
- लैङ्गिक अन्तरहरूको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहीकरण र सशक्तिकरण गर्दै लैजानु,
- महिला, लक्षित वर्ग र सीमान्तकृत समूहहरूलाई समावेश गरी ती समूहहरूको क्षमता अभिवृद्धि गर्नु,
- लक्षित वर्गलाई स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्नु।
- स्थानीय तहको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन र मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लैजानु,
- मेलुङ गाउँपालिकाको ऐन, नियम, नियमावली, नीति तथा कार्यक्रमहरूलाई लैससास मैत्री बनाउन तथा गरिरहेका कामहरूलाई लैससासका दृष्टिले सम्बोधन गर्नु,
- लैससास परीक्षणको नतिजाको आधारमा समस्या तथा चुनौतिहरूको पहिचान गरी समयमै समाधान गर्ने तथा भावि योजना तथा कार्यक्रमका लागि नीतिगत पृष्ठपोषण लिनु।

## ४. लैससास परीक्षणले समेट्ने क्षेत्रहरू

लैससास परीक्षणले मुख्यतयः ५ वटा प्रमुख विषयलाई समेटेको छ। उक्त पाँचवटा विषयवस्तुको २२ वटा उपशीर्षकहरू रहेका छन्। उपशीर्षकहरूका १०० वटा सूचकहरू रहेका छन्। जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

| मूल विषय(सूचक) | सहायक विषय(उपसूचकहरू) |
|---|---|
| नीति, कानुन, योजना | नीति र कानुनमा समावेशिता/सहभागिता |
| | योजना तर्जुमा तथा कार्यान्वयन |
| | बजेट तर्जुमा तथा कार्यान्वयन |
| संस्थागत व्यवस्था | कर्मचारी तथा पदाधिकारीमा प्रतिनिधित्व |
| | कार्यप्रणाली समावेशी |
| | समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व |
| | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता |
| | तथ्याङ्क संकलन तथा व्यवस्थापन |
| मानव संसाधन तथा क्षमता विकास | मानव संसाधन तथा क्षमता विकास |
| | अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरूद्ध जनचेतना |
| | कानुनि साक्षरता |
| | विपद् व्यवस्थापनमा समावेशिता |
| सेवा प्रवाह | पूर्वाधार विकास |
| | प्रजनन स्वास्थ्य |
| | शिक्षा कार्यक्रम |
| | खानेपानी तथा सरसफाई |
| | स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन |
| सुशासन र उत्तरदायित्व | सुशासन |
| | उत्तरदायित्व र जवाफदेहिता |
| | सूचना तथा सञ्चार |
| | अनुगमन तथा मूल्याङ्कन |
| | समन्वय र सम्बन्ध विस्तार |

## ५. लैससास परीक्षणको विधि र तरिका

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन २०७८ मा उल्लेख गरिए अनुसार लैङ्गिक परीक्षणका विधि र तरिकाहरू अपनाईएको थियो। यी विधिहरूमा सहभागितात्मक प्रक्रियालाई बढी जोड दिईएको थियो। मेलुङ गाउँपालिकाले तय गरेका विभिन्न ऐन, कार्यविधि, नीति, निर्देशिका, दिग्दर्शन, वार्षिक योजना कार्यक्रम बजेटमा लैङ्गिक समानता तथा समावेशीकरणका विषयहरू के कति उल्लेख गरिएको छ, त्यसको कार्यान्वयन पक्ष, उपलब्धिको मापन, अनुगमन प्रक्रिया र

पृष्ठपोषणको कार्यान्वयन पक्षलाई समेत अध्ययन गर्दा समेटिएको छ। विशेष गरेर गत आर्थिक वर्षको बजेट नीति, कार्यक्रम र बजेट विनियोजनको अवस्था लगायत अन्य सम्वन्धित कानुनी दस्तावेजहरूको अध्ययन गरिएको थियो।

### मुख्य जानकारसँग अन्तरवार्ता

तयार गरिएको चेकलिष्टको आधारमा गाउँपालिकामा रहेका महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा, कानुन शाखा, स्वास्थ्य शाखा, रोजगार शाखा, शिक्षा शाखाहरूसँग विस्तृत छलफल गरिएको थियो। छलफलको क्रममा आवश्यकता अनुसार प्रमाणहरूको अध्ययन गर्ने कार्य पनि भएको थियो।

### अवलोकन

यस विधिमा विशेषगरी भौतिक पूर्वाधारहरू अपाङ्गमैत्री, बालमैत्री भए नभएको, सार्वजनिक भवनहरूमा विशेष गरी स्वास्थ्य संस्थाहरू, पालिकाको आफ्नै भवन र वडाका भवनहरूमा स्तनपान कक्षहरू र शौचालयहरूको अवलोकन गरिएको थियो।

मार्गनिर्देशनमा व्यवस्था गरिए अनुसार नै लैससास परीक्षणका तरिकाहरू अपनाईएको थियो। जुन निम्न अनुसार रहेको थियोः

### तयारी चरण

मेलुङ गाउँपालिकाको लैससास परीक्षण गर्न लैससास कार्यान्वयन समितिको गठन गरिएको थियो। गाउँपालिका अध्यक्षको संयोजकत्वमा बसेको बैठकले कार्यान्वयन समितिको गठन र कार्यदलको गठन गरेको थियो। कार्यदलले लैससासको परीक्षणको सम्पूर्ण व्यवस्थापन पक्षको जिम्मेवारी निर्वाह गरेको थियो।

### कार्यान्वयन चरण

गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, विभिन्न शाखा प्रमुखहरू, कार्यपालिका सदस्यहरू, गैह्रसरकारी संस्थाका प्रतिनिधिहरूको सहभागितामा दुई दिने कार्यशाला सञ्चालन गरी सबैको सहभागिता र खुला छलफलबाट परीक्षणको कार्य र तय गरिएका सूचकहरूमा अङ्क प्रदान गरी सम्पन्न गरिएको थियो। साथै गाउँपालिकाको सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतिको विश्लेषण गरि आगामी वर्षका लागि कार्ययोजना समेत तयार गरिएको थियो।

**<u>प्रतिवेदन चरण</u>**

यस चरणमा सूचकमा प्राप्त भएका अङ्क र समूह छलफलबाट आएका विषयवस्तु र गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबाट प्राप्त सुझावहरूलाई समेत समेटेर प्रतिवेदन तयार गर्ने कार्य सम्पन्न गरिएको थियो।

## ६. लैससास परीक्षणका सहभागी

मेलुङ गाउँपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरू, गाउँ कार्यपालिकाका सदस्यहरू, गैह्रसरकारी संस्थाका प्रतिनिधिहरू, विषयगत शाखाका शाखा प्रमुख तथा अन्य कर्मचारीहरू साथै लक्षित वर्गका सहभागीहरू गरी कुल ५० जनाको सहभागी रहेको थियो। जसमा महिला २० जना र पुरूष ३० जना रहेका थिए। सहभागीहरूको विवरण अनूसुची २ मा व्यवस्था गरिएको छ।

लैससास परीक्षण दुई दिने कार्यशाला संचालनमा ५ मूल विषयमा सहभागीहरूलाई ५ समुहमा विभाजित गरिएको थियो। ती समुहका सहभागीहरू तपसिल रहेका छन्।

### (१) नीति, कानुन र योजना

- रामकाजी काफ्ले
- प्रमदा खड्का
- आङदोर्जे तमाङ
- गिताचन्द्र अधिकारी
- चिरञ्जिवी खनाल

### (२) संस्थागत व्यवस्था

- ईश्वर कोइराला
- कमल लकान्द्री
- शान्ता दहाल कार्की
- नविन प्रसाद सुवेदी
- सविन सुवेदी

### (३) मानव संसाधन तथा क्षमता विकास

- रामकृष्ण भण्डारी
- बिन्दा पाण्डे
- पूर्ण कुमारी दमाई
- नविन के.सी
- दिनेश थापा

**(४) सेवा प्रवाह**

- मिरा घिमिरे
- नविन कुमार गोले
- योगेन्द्र कूलुङ
- जुनु बि.क.
- शंकर तिवारी
- स्वस्थानी अधिकारी

**(५) सुशासन तथा उत्तरदायित्व**

- सजु शिवाकोटी
- आसमान बोम्जन
- सुमन श्रेष्ठ
- पवित्रा बि.क
- कमला चापागाई

यी समूहका सहभागिहरूले आफ्नो कुन विषयमा कति काम भएका छन् भनि स्वमूल्याङ्कन गर्दै अङ्क प्रदान गर्ने काम गरेका थिए।

## ७. लैससास परीक्षणको विश्लेषणका औजारहरू

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका लागि दिग्दर्शनमा उल्लेख गरिएका प्रमुख ५ वटा मूल विषयवस्तु र ती विषय वस्तुका १०० वटा सूचकहरूमा ३ वटा औजार प्रयोग गरिएको थियो जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

### ७.१. SWOT विधि

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका १०० वटा सूचकहरूमा अङ्क प्रदान गरेपश्चात समग्रमा SWOT विधिबाट ५ वटा समूहले ५ वटा मूल शिर्षकहरूको बलियो पक्ष (Strength), कमजोर पक्ष (Weakness), अवसर (Opportunity) र चुनौती (Threats) तयार गरी प्रस्तुत गरेका थिए।

### ७.२ समुह छलफल विधि

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको २ दिने कार्यक्रममा ५ वटा मूल सूचकमा आधारित भएर ५ वटा समूहले आ-आफ्नो तर्फबाट अङ्क प्रदान गर्ने कार्य गरेका थिए। जसले गर्दा सूचकहरूको विश्लेषणमा सहयोग पुगेको थियो।

### ७.३. सन्दर्भ सामग्रीको पुनरावलोकन विधि

गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका लागि अङ्क प्रदान गर्दा हरेक अङ्का लागि तोकीएका आधारहरू तथा कागजातहरू प्रस्तुत गर्नुपर्दछ त्यसका लागि गाउँपालिकामा निर्माण भएका कानुन, कार्यविधि, वस्तुगत विवरण, आवधिक योजना, वार्षिक विकास कार्यक्रम, प्रगति प्रतिवेदनहरू, गाउँपालिका तथा गाउँसभाले गरेका निर्णयहरूको अध्ययन र पुनरावलोकन गरी प्राप्त अङ्कलाई सुनिश्चित गरिएको थियो।


### ७.४ तथ्याङ्कको तुलनात्मक अध्ययन तथा विश्लेषण

यस मेलुङ गाउँपालिकाले अघिल्लो वर्षहरूमा लैससास परीक्षण नगरेकोले तुलनात्मक विश्लेषण गरिएको छैन।

## ८. परीक्षणणबाट आएका मुख्य प्रसिहरू

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणले गाउँपालिकाको वर्तमान अवस्थालाई देखाएको छ। गाउँपालिकाले लैससास परीक्षण गर्दा धेरै सूचकहरूमा काम गर्नुपर्ने देखिन्छ। कुल १०० सूचकहरूमा ४५ वटा सूचकमा शतप्रतिशत अङ्कभार प्राप्त गरेको छ भने १२ वटामा भने कुनै पनि अंकभार प्राप्त गरेको छैनन् बाँकी सूचकहरू प्रगति उन्मुख रहेका छन्। गाउँपालिकाले नीति नियमहरू बनाए तापनि लैससासको सान्दर्भिक नीति, कानुन आवश्यकता अनुसारको नहुनु, भएका नीति र कानुनको समीक्षा गर्ने परिपाटीको विकास नभएको हुँदा त्यसमा

अंकभार कम हुन गएको छ। अन्य केही मुख्य शीर्षकहरूमा राम्रो अंकभार प्राप्त गरेको छ। उक्त अङ्कहरूलाई पाइ चार्टमा प्रस्तुत गरिएको छ।



## ८.१ सूचक अनुसार प्राप्ताङ्क विवरण

मेलुङ गाउँपालिकाले लैससास परीक्षणको १०० वटा उपसूचकभित्र रहेर स्व-परीक्षण गरेको थियो। जसमा मूल सूचक ५ वटा र उपसूचक २२ वटा रहेका थिए। जसको विवरण तपसिल बमोजिम रहेको छ-ः

| मूल विषय(सूचक) | सहायक विषय(उपसूचकहरू) | पूर्णाङ्क | प्राप्त अङ्क |
|---|---|---|---|
| नीति, कानुन, योजना | नीति र कानुनमा समावेशिता/सहभागिता | ८ | ७ |
| | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ५.५ |
| | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | २.५ |
| | जम्मा | २० | १५ |
| संस्थागत व्यवस्था | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | ४ | २ |
| | कार्य प्रणालीमा समावेशी | ४ | ३ |
| | समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | १.५ |
| | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | ४ | २ |
| | तथ्याङ्क संकलन तथा व्यवस्थापन | ४ | ३.५ |
| | जम्मा | २० | १२ |
| मानव संसाधन तथा क्षमता विकास | मानव संसाधन तथा क्षमता विकास | ८ | ४.५ |
| | अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरूद्ध जनचेतना | ४ | ३.५ |
| | कानुनी साक्षरता | ४ | २ |
| | विपद् व्यवस्थापनमा समावेशिता | ४ | ४ |
| | जम्मा | २० | १४ |
| सेवा प्रवाह | पूर्वाधार विकास | ४ | २ |
| | प्रजनन् स्वास्थ्य | ४ | ३ |
| | शिक्षा कार्यक्रम | ४ | ३.५ |
| | खानेपानी तथा सरसफाइ | ४ | २ |
| | स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन | ४ | २ |
| | जम्मा | २० | १२.५ |
| सुशासन र उत्तरदायित्व | सुशासन | ४ | ४ |
| | उत्तरदायित्व र जवाफदेहिता | ४ | २ |
| | सूचना तथा सञ्चार | ४ | २.५ |
| | अनुगमन तथा मूल्याङ्कन | ४ | २.५ |
| | समन्वय र सम्बन्ध विस्तार | ४ | २ |
| | जम्मा | २० | १३ |
| | कुल जम्मा | १०० | ६६.५ |
| | नतिजा-उत्तम | | |

## ९. लैससास परीक्षणण विधिबाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था

मेलुङ गाउपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको समग्र विषयमा अध्ययन गर्दा लैससासको हिसाबले उल्लेखनीय कार्यहरू भए गरेका छन। लैससास सम्बन्धी कानुनहरू निर्माण भएका छन् र कार्यान्वयनमा पनि रहेका छन। गाउँपालिकाले बजेट विनियोजन गर्दा लैससासमैत्री बजेटको विनियोजनमा ध्यान केन्द्रित गरेको छ। महिला र पुरूषको समान ज्याला सम्बन्धी नीतिको अबलम्वन गरेको छ।

### ९.१ परीक्षण पश्चात सूचकहरूले प्राप्त गरेका अङ्क

#### १. नीति, कानुन र योजना

नीति, कानुन, योजना मुख्य शीर्षकमा ३ वटा उपशीर्षकहरू रहेका छन्। पहिलो उपशीर्षकमा रहेको नीति र कानुनमा समावेशिता र सहभागितामा कुल ८ अंक रहेकोमा ७ अंक प्राप्त गरेको छ, त्यस्तै योजना तर्जुमा तथा कार्यान्वयनमा कुल ८ अंक रहेकोमा ५.५ अंक प्राप्त गरेको छ। बजेट तर्जुमा तथा कार्यान्वयनमा कुल ४ अंक रहेकोमा २.५ अंक प्राप्त गरेको छ। यस मुख्य विषय रहेका नीति, कानुन र योजना अन्तर्गत कुल २० अंकभारमा १५ अंक प्राप्त गरेको छ।

| मुख्य शीर्षक | उप शीर्षक | पूर्णाङ्क | प्राप्त अकं |
|---|---|---|---|
| नीति, कानुन र योजना | नीति र कानुनमा समावेशिता/सहभागिता | ८ | ७ |
| | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ५.५ |
| | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | २.५ |
| जम्मा | | २० | १५ |

#### २. संस्थागत व्यवस्थापन

संस्थागत व्यवस्थापनमा कुल ५ वटा उपशीर्षकहरू रहेका छन् र प्रत्येकको अंकभार ४ रहेको छ। यसमा उपशीर्षकको रूपमा रहेको कर्मचारी एवम् पदाधिकारी प्रतिनिधित्वमा २ अंक प्राप्त गरेको छ भने कार्य प्रणाली समावेशितामा ३ अंक, समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्वमा १.५, वित्त व्यवस्थापनमा २, तथ्यांक संकलन तथा व्यवस्थापनमा ३.५ अंक गरी कुल २० अंकभारमा १२ अंक प्राप्त गरेको छ ।

| मुख्य शीर्षक | उप शीर्षक | पूर्णाङ्क | प्राप्त अङ्क |
|---|---|---|---|
| संस्थागत व्यवस्थापन | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | ४ | २ |
| | कार्य प्रणालीमा समावेशी | ४ | ३ |
| | समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | १.५ |
| | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | ४ | २ |

| | | | |
|---|---|---|---|
| | तथ्याङ्क संकलन तथा व्यवस्थापन | ४ | ३.५ |
| जम्मा | | २० | १२ |

## ३. मानव संसाधन तथा क्षमता विकास

मानव संसाधन तथा क्षमता विकासमा ४ वटा उपशीर्षकहरू रहेका छन। पहिलो उपशीर्षकमा ८ अंकको अंकभारमा ४.५ अंक प्राप्त गरेको छ भने यसैगरी अनौपचारीक मूल्य, मान्यता र कुसंस्कार विरूद्ध जनचेतना ४ अंकमा ३.५, कानुनी साक्षरता ४ अंकमा १, विपद व्यवस्थापन ४ अंकमा ४ प्राप्त गरेको छ। कुल २० अंक भारमा १४ अंक प्राप्त गरेको छ।

| मुख्य शीर्षक | उप शीर्षक | पूर्णाङ्क | प्राप्त अङ्क |
|---|---|---|---|
| मानव संसाधन तथा क्षमता विकास | मानव संसाधन तथा क्षमता विकास | ८ | ४.५ |
| | अनौपचारिक मुल्य, मान्यता र कुसंस्कार विरूद्ध जनचेतना | ४ | ३.५ |
| | कानुनि साक्षरता | ४ | २ |
| | विपद् व्यवस्थापन | ४ | ४ |
| जम्मा | | | १४ |

## ४. सेवा प्रवाह

सेवा प्रवाह मुख्य शीर्षकका ५ वटा उपशीर्षकहरू रहेका छन्। प्रत्येक उपशीर्षकको अंकभार ४ रहेको छ। जसमध्ये पूर्वाधार विकासमा ४ मा २, प्रजनन् स्वास्थ्य ४ मा ३, शिक्षा कार्यक्रममा ४ मा ३.५, खानेपानी तथा सरसफाइमा ४ मा २ र स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापनमा ४ मा २ अंक प्राप्त गरेको छ। कुल २० अंकमा १२ अंक प्राप्त गरेको छ।

| मुख्य शीर्षक | उप शीर्षक | पूर्णाङ्क | प्राप्त अङ्क |
|---|---|---|---|
| सेवा प्रवाह | पूर्वाधार विकास | ४ | २ |
| | प्रजनन् स्वास्थ्य | ४ | ३ |
| | शिक्षा कार्यक्रम | ४ | ३.५ |
| | खानेपानी तथा सरसफाइ | ४ | २ |
| | स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन | ४ | २ |
| जम्मा | | २० | १२ |


## ५. सुशासन तथा उत्तरदायित्व

सुशासन तथा उत्तरदायित्व मूल शीर्षकमा ५ वटा उपशीर्षकहरू रहेका छन्। प्रत्येक उपशीर्षकको अंकभार ४ रहेको छ। यस अन्तर्गत सुशासनमा प्राप्त अंकभार ४, उत्तरदायित्व र जवाफदेहितामा २, सूचना तथा सञ्चारमा २.५, अनुगमन तथा मूल्यांकनमा २.५ र समन्वय र सम्बन्ध विस्तारमा २ गरी कुल २० अंकभारमा १३ अंक प्राप्त गरेको छ।


| मुख्य शीर्षक | उप शीर्षक | पूर्णाङ्क | प्राप्त अङ्क |
|---|---|---|---|
| सुशासन तथा उत्तरदायित्व | सुशासन | ४ | ४ |
| | उत्तरदायित्व र जवाफदेहिता | ४ | २ |
| | सूचना तथा सञ्चार | ४ | २.५ |
| | अनुगमन तथा मूल्याङ्कन | ४ | २.५ |
| | समन्वय र सम्बन्ध विस्तार | ४ | २ |
| जम्मा | | २० | १३ |

पाँचवटा मुख्य शीर्षकहरू मध्ये तुलनात्मक रूपमा सबै भन्दा बढी नीति, कानुन र योजनामा रहेको छ भने अन्यमा पनि समग्रमा राम्रो नै देखिएको छ।

## ९.२ उपसूचकहरूको माकुरे जालो



## ९.३ मुख्य सूचकहरूको माकुरे जालो



## १०. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरू

| सबल पक्ष (Strength) | कमजोर पक्ष (Weakness) | अवसर (Opportunity) | चुनौती (Threat) |
|---|---|---|---|
| **१. नीति, कानुन योजना** | | | |
| • लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी नीति, कानुन र कार्यविधिहरू निर्माण भएको,<br>• जेष्ठ नागरिक, अपाङ्ग, बालबालिका तथा लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति र लैससास रणनीति रहेको कर्मचारी जनशक्ति पर्याप्त रहेको,<br>• गाउँसभाबाट कार्यविधि र कानुन सहज पारित हुनसक्ने,<br>• भौतिक पूर्वाधारहरू लेससासमैत्री बनउन सकिने अवस्था रहेको छ। | • खण्डीकृत तथ्यांक अपडेट नहुनु,<br>• लैंगिकमैत्री योजना निर्माण र कार्यान्वयनको पक्ष कमजोर रहनु,<br>• पालिकामा भएका नीति र कानुनमा लैंससाससंग सम्बन्धित सवालहरू संयोजन गर्नुपर्ने।<br>• नीति र कानुनमा समावेशिताको सिद्धान्त र संघीय एवं प्रादेशिक नीति र कानुनी प्रावधानका मूल मर्मलाई समेटिनुपर्ने। जस्तैः महिलाको ३३ प्रतिशत आरक्षणको सुनिश्चितता, भवन निर्माणको अनुमति दिनु पूर्ण अपांगतामैत्री, जेष्ठ नागरिकमैत्री हुनुपर्ने सुनिश्चितता गरिनुपर्ने,<br>• करार व्यवस्थापनमा आधारित जनशक्ति लैससासको परिक्षणमा सहभागिता हुनेगरी व्यवस्थपान हुनुपर्ने,<br>• विभिन्न अन्तराष्ट्रिय गैरसरकारी संस्था, दातृ निकाय र राष्ट्रिय एवं स्थानीयस्तरका गैरसरकारी संस्थाहरूले लैससासको क्षेत्रमा काम भएको नपाइनु,<br>• लैससासँग सम्बन्धी राष्ट्रिय र अन्तराष्ट्रिय प्रावधानहरू (सिड, बालअधिकार महासंधी, जातीय भेदभाव उन्मुलन सम्बन्धी महासन्धी, दिगो विकासका लक्ष्यको ५ नम्बरमा हासिल गर्नुपर्ने | • गाउँपालिकाले आवश्यक नीति, रणनीति र कानुन निर्माणका लागि स्थानीय व्यक्ति वा परामर्शदातालाई परिचालन गर्न सक्नेछ,<br>• नीति, कानुन र योजनाहरू प्रभावकारी कायान्वयन गर्न सकिन्छ,<br>• समन्वय र सहकार्यमा वालविवाहमुक्त पालिका र लैंगिक हिंसामुक्त पालिका घोषणा गर्न सकिने क्षमता राख्दछ।<br>• दातृ निकाय, अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरू गाउँपालिकालाई यस कार्यक्षेत्र बनाइ भित्रिन सक्दछन्,<br>• कुरीतिजन्य कार्यहरू न्यूनीकरण एवं अन्त्य गर्ने सबै पक्षको बाहना रहेको देखिन्छ। | • लैससास नीति, रणनीति र सोसँग सम्बन्धित कार्यविधि वा कानुन नहुँदा लैससास योजना कार्यान्वयमा चुनौती रहेको छ, र<br>• योजना र कार्यक्रमको लागि पर्याप्त बजेट अनुकुल नहुनु,<br>• जनप्रतिनिधि र कर्मचारीहरूलाई कानुनी प्रावधान, कार्यविधि निर्देशिकाहरूबारे अनुशिक्षण नहुँदा फरक बुझाई रहनु,<br>• पर्याप्त कार्यक्रमहरू नहुनु।<br>• संघीय सरकार, प्रादेशिक सरकारबाट समय समयमा हुने नीति, कार्यविधि, कानुन, योजनाको बारेमा अपडेट नहुनु। नीतिहरू बनेत्र पनि त्यसको कार्यान्वयन पक्षमा बुझाइको एकरूपता नहुनु,<br>• लैससासका लागि विषयगत शाखाहरू विचको समन्वयको अभाव।<br>• लैससास सम्वन्धी एकीकृत सुचना प्रणालीको अभाव हुदा<br>• अभिलेखीकरणमा नहुनु<br>• पदाधिकारीहरूको विच समन्वय नहुँदा विषयले तर्जुमामा प्राथमिकता नपाउनु। |

| | | | |
|---|---|---|---|
| | उलपब्धीहरू, संविधानको मौलिक हक र स्थानीय सरकार संचालन ऐन २०७४ ले निर्देश गरेका लैससास प्रावधानहरूमा अभिमुखीकरण नहुनु,<br>• बालमैत्री स्थानीय शासन कार्यान्वयन बालविवाह अन्त्यका लागि रणनीतिक योजना तथा कार्यविधिहरू निर्माण गरिनुपर्ने,<br>• लैससास कार्यान्वयनमा पर्याप्त बजेट विनियोजन नहुनु। | | |
| **२. संस्थागत व्यवस्था** | | | |
| • प्राय कार्यक्रमहरूमा कर्मचारी र पदाधिकारीहरूको सहभागिता हुने गरेको,<br>• कानुनले तोकेको समिति निर्माण भएको र आवश्यकता अनुसार बैठक हुने गरेको छ,<br>• गाउँपालिकाको अधिकांश कार्यक्रमहरू समावेशी नीति अनुरूप हुने गरेको छ,<br>• बजेट निर्माणमा सबै पक्षको सहभागिता छ,<br>• सामाजिक समावेशीकरण बढाउनको लागि नीतिहरू तयार हुन सुरू गरेको छ। | • विभिन्न समिति उपसमितिहरू समावेशिताका आधारमा पूर्णता नहुनु,<br>• नागरिकहरूमा लैससास बारे सचेतना अभिवृद्धि हुने खालका कार्यक्रमहरू निर्माण गरिएको तर कार्यान्वयनमा समस्या,<br>• लैससासमैत्री योजना निर्माण र बजेट विनियोजन गरि कार्यान्वनयमा जोड दिनुपर्ने,<br>• खण्डिकृत तथ्यांक अपडेट नहुनु,<br>• सूचना प्रविधिलाई प्रभावकारी बनाउनुपर्ने,<br>• पालिकाको भूगोलभित्र रहेका हरेक संस्थागत लैससास अनुरूप प्रतिनिधित्व सुनिश्चित गर्नका लागि नीति र कार्यविधि बनाउनु पर्ने,<br>• महिला, बालबालिका र अपेक्षित समुदायलाई लक्षित कार्यक्रमहरू पर्याप्त नहुनु,<br>• लैससासका लागि निश्चित प्रतिशत बजेट तोकेर नराखिनु। | • महिलाहरूको प्रतिनिधित्व ५० प्रतिशत पुऱ्याउन सक्ने अवसर रहेको,<br>• बनेका नीतिहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सक्ने जनशक्ति रहेको,<br>• समन्वय र सहकार्यबाट महिला हिंसा विरूद्धका अभियानहरूलाई निरन्तरता दिन सकिने,<br>• कार्यक्रमहरूमा लैङ्गिक र सामाजिक समावेशीकरणको सुनिश्चितता गरेर सहभागीहरू राख्न सकिने,<br>• पालिकामा लैससासको सुनिश्चितता हुने गरि समिति उपसमितिहरू गठन हुनसक्ने,<br>• तथ्यांक संकलनका लागि बजेटमा नै जनशक्तिको व्यवस्थापन। | • लैगिक र सामाजिक समावेशीकरणको नीति अवलम्बन गर्न खोजिएपनि कार्यपालिका सदस्यहरू फरक -फरक राजनितिक दल र फरक बिचारको हुँदा मत विभाजन हुने,<br>• बजेटका कारण वैमनस्यता बढनु,<br>• कर्मचारी पदाधिकारीहरू र छनौटमा बाहिरी दवाव बढनु,<br>• वस्तुगत तथ्याक अभावमा सही योजना बन्न बनाउन नसकिनु। |

| | | | |
|---|---|---|---|
| **३. मानव संसाधन तथा क्षमता विकास** | | | |
| • लैंगिक फोकल पर्सन तोकिएको,<br>• अनौपचारिक मूल्य मान्यता र हानिकारक परम्परागत मूल्य मान्यता हटाउने प्रकृतिका कार्यक्रमहरू संचालन हुने गरेको,<br>• कानुनी सचेतना सम्बन्धी जानकारीमूलक कार्यक्रम गरिएको,<br>• रोजगार सम्बन्धी नीति बनाईएको छ,<br>• सबै कर्मचारी र जनप्रतिनिधिहरूलाई लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी क्षमता विकास कार्यक्रम भएको। | • सार्वजनिक सूचनामा सबैको पहुँच नरहेको,<br>• विपद व्यवस्थापन समितिका पदाधिकारीहरूलाई क्षमता विकास सम्बन्धी तालिम दिई दक्षता अभिवृद्धि नगरिएको,<br>• लैससासको दृष्टिकोणले कर्मचारीहरूको समावेशीता ठिक अवस्थामा भएको नपाइनु,<br>• कर्मचारी भर्ना र समिति गठनमा समावेशीता अवलम्बन नहुनु । | • क्षमता विकास सम्बन्धी तालिम, अभिमुखीकरण, अवलोकन भ्रमण लगायत विभिन्न कार्यक्रम गर्न सकिन,।<br>• रोजगार सम्बन्धी नीति बनाउनका लागि जनशक्ति र बजेट रहेको,<br>• अनौपचारिक मूल्यमान्यता र हानिकारक अभ्यासमा सुधार ल्याउने गरी योजना र कार्यक्रम संचालन गर्न सकिने अवसर पालिकामा रहेको,<br>• विभिन्न संघसंस्था र अन्य सरोकारवालाहरूसँग समन्वय र सहकार्य गरी कानुनी साक्षारता सम्बन्धी कार्यक्रमहरू संचालन गर्ने अवसर रहेको छ,<br>• विपद व्यवस्थापन समिति समावेशी बनाई सक्रिय रूपमा काम गर्ने वातावरण निर्माण गर्न सकिने अवस्था छ। | • लैससासका नीति, कानुनी दस्तावेज सम्वन्धमा समान बुझाइ नहुनु,<br>• कर्मचारी र जनप्रतिनिधिबिच बुझाई समान नभईदिनु ,<br>• निर्णयहरूको कार्यान्वयन नहुनु । |
| **४. सेवा प्रवाह** | | | |
| • सबै वडामा वडा कार्यायलको | • अधिकांश भवनहरूमा छुट्टै स्तनपानको सुविधा वा | • निर्माण हुने भवनहरूको | • कतिपय ठाउँमा भौतिक निर्माणको |

| | | | |
|---|---|---|---|
| भवन रहेको,<br>• खानेपानी, सरसफाइ तथा स्वच्छता ऐन, रहेको<br>• जलस्रोत तथा मुहान दर्ता कार्यविधि २०८० र सो अनुसारको कार्यविधि रहेको,<br>• ७ वटा बडाहरूमा स्वच्छ खानेपानीको व्यवस्था रहेको,<br>• महिला, दलित, जनजाति र पछाडि पारिएका सीमान्तकृत समुदायको स्वरोजगार अभिवृद्धि गर्न सिपमूलक तालिमहरू संचालन गरिएको,<br>• स्वास्थ्यचौकीबाट प्रजनन सम्बन्धी सेवा प्रवाह भईरहेको,<br>• सबै बालबालिकाको विद्यालय भर्नाका लागि अभियानहरू संचालन भएको र सबैलाई खाजा र छात्रावृत्ति उपलब्ध गराईएको। | प्रावधान नरहेकोले बनाउनुपर्ने,<br>• जेष्ठ नागरिकको लागि सहज हुने स्थान र वाताबरण नभएकोले सो अनुकूल बनाउनुपर्ने,<br>• बालमैत्री संरचना (शौचालय, पिउने पानीको धारा, बस्ने ठाउँहरू आदि) र प्रविधिहरू पूर्ण रूपमा निर्माण नभईसकेको,<br>• स्थानीय बालमैत्री शासन सम्बन्धी नीति, कानुन र कार्यविधि नरहेको,<br>• स्वरोजगार सृजना गरी उत्पादन हुने सामग्री विक्री वितरणको सुनिश्चितता गर्नको लागि स्थानीय बजारको प्रवर्द्धन हुन नसकेको। | स्वीकृतीपूर्व लैंगिकमैत्री, बालमैत्री र अपांगमैत्री एवं जेष्ठनागरिकमैत्री बनाउनुपर्ने गरी कानुनी प्रावधान अवलम्बन गर्न सकिने अवस्था रहेको छ,<br>• बजारीकरण र उचित बजार व्यवस्थापनका लागि उचित योजना बनाउन सकिने अवस्था रहेको छ,<br>• श्रोत र साधनको व्यवस्थापन गर्न सकिने अवस्था रहेको छ। | सम्दर्भमा विवाद उत्पन्न भइ काममा अवरोध हुनु,<br>• प्रभावकारी अनुगमन मूल्यांकनमा र दक्ष प्रबिधि र प्राविधिक पक्ष नहुनु,<br>• लैससासमैत्री बजेट अन्यत्र रकमान्तर गरिदा लक्ष्य र योजना अनुसार<br>क्षमता अभिवृद्धि र जनचेतनाका कार्यक्रमहरू संचालन गर्न चुनौती रहेको। |
| **५. सुशासन तथा उत्तरदायित्व** | | | |
| • गाउँपालिकामा सुशासन समिति गठन भएको छ,<br>• गाउँपालिकावाट सबै सूचनाहरू अनलाईन मार्फत वा वेवसाइट मार्फत सार्वजनिक हुने गरेको छ,<br>• सूचना अधिकारीको व्यवस्था गरिएको छ, | • गाउँपालिकाको हरेक कार्यहरू स्थानीय पत्रपत्रिकामा समेत सार्वजनिक गर्नुपर्ने,<br>• विषय विज्ञ तथापरामर्शकर्तामार्फत समयमा सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौतीका बारेमा छलफल र सहजीकरण हुनुपर्ने,<br>• समिति र उपसमिति एवं शाखालाई जिम्मेवारी दिदा लिखित अख्तियारी दिनुपर्ने,<br>• समुदायसम्म सूचनामा पहुँचका लागि वडा समिति | • आन्तरिक स्रोतको पहिचान गरी आन्तरिक स्रोत वृद्धि गर्न सकिने,<br>• योजना, राजस्व, जिन्सी, आर्थिक प्रशासन लगायत सबै शाखाहरूमा अनलाइन सफ्टवेयर प्रयोग गर्दा सिघ्र तथा पारदर्शी सेवा प्रवाह | • प्रक्रियागत प्रावधान अवलम्बन गरेर काम गर्नुपर्ने हुँदा समयमा सम्पन्न काम गर्न अप्ठयारो हुने,<br>• उपभोक्ता समितिहरूले बढी राजनीतिक दवाव सृजना गर्ने,<br>• भागबण्डाको कुरा बढी हुने हुँदा सुशासन र उत्तरदायित्वमा एक चुनौती सृजना भएको छ। |

| | | | |
|---|---|---|---|
| • शाखा प्रमुखहरूले आफ्नो पदिय भूमिका अनुसार उत्तरदायित्व निर्वाह गरेका छन्,<br>• आयोजनाहरू सम्पन्न भइ सकेपछि अनुगमन योजनाको समिति मार्फत योजनाको अनुगमन मूल्यांकन हुने गरेको छ,<br>• कार्यपालिका सदस्य र कर्मचारी प्रशासनबिच समन्वय हुने गरेको छ,<br>• सार्वजनिक परीक्षण र सामाजिक परीक्षण हुने गरेको। | र समितिको कार्यालय मार्फत टोलस्तरमा सूचना बोर्ड राख्दा राम्रो हुने,<br>• आयोजनाको अनुगमनबाट आएका नतिजालाई सम्वन्धित सरोकारवाला समक्ष समेत पृष्ठपोषण दिई कार्यान्वयन गरिनु पर्ने,<br>• स्थानीय तहको सबै क्षेत्रमा समन्वय र सहकार्य सबैलाई अनुभूति हुने गरी अझ प्रभावकारी बनाउनु पर्ने। | गर्न सकिने।<br>• नागरिकले स्थानीय सरकारको हरेक जानकारी प्रप्त गर्नको निमित्त सूचना प्रविधिलाई अझै प्रभावकारी बनाइ Digitaization कायम गर्न सकिने, लिखित रूपमा र जिम्मेवारी, उत्तरदायित्व र जवाफदेहिता प्रभावकारी हुने भएकोले लिखित अख्तियारी दिन सकिने। | |

## ४.८ लैससास विकास कार्ययोजना

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणले देखाएको अवस्थालाई आगामी दिनमा कुन कुरालाई प्राथमिकतामा राखेर जानुपर्ने भन्ने बारेमा मार्गचित्र तयार गरिएको छ र सोही आधारमा आगामी वर्षको लागि लैससास विकास कार्ययोजना तयार गरिएको छ। जसको विवरण तल प्रस्तुत गरीएको छ।

| मूल शीर्षक | | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | | थप दायित्व पर्ने नपर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| पूर्णाङ्क | प्रासाङ्क | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयन पक्ष | समयावधि | पर्ने | नपर्ने |
| नीति,कानुन तथा योजना | | गाउँपालिकाको नीति र योजनाहरूमा लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा गर्ने | लैससास कार्यान्वयन समिति | कार्यपालिका | सम्बन्धित शाखा | आ.व.२०८२/०८३ | ✓ | |
| | | गाउँपालिकाको नीति र योजनामा लैंगिक समानता तथा सामाजिक समावेशीता कायम गर्न स्थानीय कानुन, नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरू) सम्बन्धी विषयहरूमा समावेश गर्ने | लैससास कार्यान्वयन समिति | कार्यपालिका | सम्बन्धित शाखा | आ.व.२०८२/०८३ | | ✓ |
| | | लैंगिक विभेद र सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी लैससासमैत्री (नीति, रणनीति, कानुन) निर्माण गर्ने । | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | कार्यपालिका/गाउँसभा | विषयगत शाखा | आ.व.२०८२/०८३ | | ✓ |
| | | संघीय कानुनले व्यवस्था गरे बमोजिम | महिला, | कार्यपालिका | महिला,बालबालिका | आ.व.२०८२/०८३ | ✓ | |
| | | | | | | | | |
| | | स्थानीयस्तरमा महिला तथा बन्चितीमा परेका समुदायमाथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रबन्ध गर्न नीतिगत व्यवस्था गरी कार्यक्रम तय गर्ने । | बालबालिका तथा जेष्ठ नागरिक शाखा | | तथा जेष्ठ नागरिक शाखा | | | |
| | | श्रम ज्यालामा विभेद रोक्ने प्रावधानका लागि | विधायन समिति | कार्यपालिका/गाउँसभा | सम्ब्धित शाखा | आ.व.२०८२/०८३ | | ✓ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | कानुन / निर्देशिका जारी गर्ने | | | | | | |
| | | लैंगिक तथा समावेशी विकासको लागि नीति, रणनीति निर्माण गर्ने, कार्यक्रम तय गर्ने | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | प्रमुख प्रशासकीय अधिकृत | महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा | आ.व.२०८२/०८३ | | ✓ |
| | | महिला ,बालबालिका तथा बञ्चितीकरणमा परेका समुदायको प्रत्यक्ष फाईदाको लागि कुल पूँजीगत बजेटको निश्चित प्रतिशत बजेट छुट्याउन पहल गर्ने | योजना शाखा | गाउँसभा | महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा | आ.व.२०८२/०८३ | | ✓ |
| संस्थागत व्यवस्था | | लैंगिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एव् लैंगिक समानता तथा सामाजिक परीक्षण (जेसी अडिट) नियमित रूपमा गर्न बजेट व्यवस्थाको सुनिश्चिता गर्न पहल गर्ने | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा | कार्यपालिका | महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा | आ.व.२०८२/०८३ | | ✓ |
| | | करारका कर्मचारी छनौटमा समावेशी समानुपातिक प्रतिनिधित्वको लागि रणनीति निर्माण गर्ने | प्रशासन शाखा | कार्यपालिका | प्रशासन शाखा | आ.व.२०८२/०८३ | | ✓ |
| | | महिला तथा दलित, सीमान्तकृत समुदायका कर्मचारी, जनप्रतिनिधिहरूलाई क्षमता अभिवृद्धिको अवसर प्रदान हुने गरी सकारात्मक विभेदको नीति अवलम्बन गरी अवसरमा जोड दिने | प्रशासन शाखा | कार्यपालिका | | आ.व.२०८२/०८३ | | ✓ |
| | | लैंगिक समानता कायम गर्न समतामा आधारित स्थानीय तहको निश्चित कार्यनीति बनाउने । | विधायन समिति | गाउँसभा | महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा | आ.व.२०८२/०८३ | | ✓ |
| | | स्थानीय सरकारमा लैंगिक विकास हेर्ने इकाई वा लैंगिक विकास डेस्कको व्यवस्था गर्ने। | कार्यपालिका | कार्यपालिका | | आ.व.२०८२/०८३ | | ✓ |
| | | कार्यालयमा हुने दुर्व्यवहार, भेदभाव र हिंसा | | | | आ.व.२०८२/०८३ | | ✓ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | नियन्त्रणको लागि तयार भएको आचारसंहिता कार्यान्वयन गर्ने | | | | | | |
| | | योजना तर्जुमा प्रक्रिया लैससास अनुसार भए नभएको अनुगमन गर्ने | अनूगमन समिति | कार्यपालिका | अनुगमन शाखा | आ.व.२०८२/०८३ | | ✓ |
| | | स्थानीय स्तरमा महिला सिप विकास, नेतृत्व विकास तथा क्षमता अभिवृद्धि जस्ता विषयमा स्रोत व्यवस्थापनका लागि आर्थिक ऐनमा उल्लेख गरी छुट्टै कोष स्थापना गरि कोष परिचालनका लागि निर्देशिका बनाउने, कार्यान्वयन गर्ने। | सामाजिक विकास समिति | कार्यपालिका | महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा | आ.व.२०८२/०८३ | ✓ | |
| | | लैंगिक डेस्कको विकास र आवश्यक मानवीय श्रोतहरूको लागि बजेट व्यवस्थापन गर्ने। | प्रशासन शाखा | कार्यपालिका | महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा | आ.व.२०८२/०८३ | ✓ | |
| | | लिङ्ग, उमेर, जात र आर्थिक स्थिति, बेरोजगार तथा गरिबको पहिचान आदि सहितको खण्डीकृत तथ्यांक संकलन (वडा र गाउँको प्रोफाईल) र अपडेट गर्ने । | रोजगार शाखा | आर्थिक विकास समिति | रोजगार शाखा | आ.व.२०८२/०८३ | ✓ | |
| | | खण्डीकृत तथ्यांक (प्रोफाईल) का आधारमा स्थानीय विकास योजना तर्जुमा गर्ने | योजना शाखा | कार्यपालिका | योजना शाखा | आ.व.२०८२/०८३ | ✓ | |
| मानव संसाधन तथा क्षमता विकास | | लैससास विकासको लागि क्षमता विकास कार्ययोजना तयार गर्ने,र्च गर्ने कार्यविधि निर्माण गर्ने र कार्यान्वयनमा ल्याउने । | प्रशासन शाखा | कार्यपालिका | कार्यपालिका | आ.व.२०८२/०८३ | | ✓ |
| | | स्थानीय तहका पदाधिकारी र कर्मचारीहरूलाई क्षमता विकास कार्यक्रम संचालन गर्ने। | प्रशासन शाखा | प्रशासन शाखा | प्रशासन शाखा | आ.व.२०८२/०८३ | | ✓ |
| | | स्थानीय तहका पदाधिकारी र कर्मचारीहरूलाई लैंगिक समानता तथा सामाजिक समावेशीकरण र लैंगिक संवेदनशीलता सम्बन्धी अभिमुखीकरण कार्यकम सञ्चालन गर्ने। | प्रशासन शाखा | प्रशासन शाखा | महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा | आ.व.२०८२/०८३ | | ✓ |
| | | मानव संसाधन विकास केन्द्र वा शाखा वा | प्रशासन शाखा | कार्यपालिका | शाखा प्रमुख | आ.व.२०८२/०८३ | ✓ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | इकाईको व्यबस्था गर्ने | | | | | | |
| | | महिला र बन्चितीकरणमा परेको समुदायलाई लक्षित गरि लोक सेवा आयोग पूर्व तयारी कक्षा संचालन गर्ने। | प्रशासन शाखा | गाउँसभा | प्रप्रअ | आ.व.२०८२/०८३ | ✓ | |
| | | महिला विकासका लागि भएका बेईजिंग घोषणा पत्र, सिड,दीगो विकास लक्ष्य जस्ता प्रावधानका बारेमा स्थानीय निकायका पदाधिकारी र कर्मचारीहरूलाई अभिमुखीकरण कार्यक्रम संचालन गर्ने | महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा | महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा | महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा | आ.व.२०८२/०८३ | ✓ | |
| | | लैंगिक हिंसारहित मेलुङ गाउँपालिका घोषणा अभियान कार्यक्रम संचालन गर्ने। | कार्यपालिका | कार्यपालिका | महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा | आ.व.२०८२/०८३ | ✓ | |
| | | महिला हिंसा विरूद्ध सबै खाले हिंसा निर्मुल गर्ने अभियान कार्यक्रम संचालन गर्ने | कार्यपालिका | कार्यपालिका | महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा | आ.व.२०८२/०८३ | ✓ | |
| | | समाजमा विद्यमान हानिकारक मूल्यमान्यता, कुरीति र कुसंस्कार हटाउनका लागि अभियान कार्यक्रम संचालन गर्ने। | कार्यपालिका | कार्यपालिका | महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा | आ.व.२०८२/०८३ | ✓ | |
| | | निर्वाचित महिला जनप्रतिनिधिहरू ( कार्यपालिकाका सदस्य र वडा सदस्यहरू) लाई नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ लगायत प्रचलित कानुन एवं स्थानीय सरकारको काम, कर्तब्य र अधिकार सम्बन्धी अभिमुखीकरण तथा क्षमता विकास<br>कार्यकम गर्ने | कार्यपालिका | कार्यपालिका | महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा | आ.व.२०८२/०८३ | ✓ | |
| | | महिलाहरूको लागि कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने। | कार्यपालिका | कार्यपालिका | महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा | आ.व.२०८२/०८३ | | ✓ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | विपद सम्बन्धी तथ्यांक संकलन,नक्सांकन गर्ने। | कार्यपालिका | कार्यपालिका | प्राविधिक शाखा | आ.व.२०८२/०८३ | | ✓ |
| | | कानुनको मस्यौदा तयारीको लागि अभिमुखिकरण गर्ने। | विधायन समिति | कार्यपालिका | प्रशासन शाखा | आ.व.२०८२/०८३ | ✓ | |
| सेवा प्रवाह | | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा संरचनाहरू,शिक्षा, स्वास्थ्य र अन्य सामाजिक पूर्वाधार निर्माण गर्दा महिला, अपाङ्गता भएका व्यक्ति तथा बालमैत्रीयुक्त तरिकाले निर्माण सम्बन्धी प्रावधान,अभिमुखीकरण र कार्यान्वयन । | पूर्वाधार विकास शाखा | कार्यपालिका | पूर्वाधार शाखा | आ.व.२०८२/०८३ | | ✓ |
| | | गर्भवति महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा नलगाउने गरि बार्षिक नीति, प्रजनन स्वास्थ्य सम्बन्धी नीति बनाउने। यस सम्बन्धी कार्यक्रम संचालन गर्ने। | स्वास्थ्य शाखा | कार्यपालिका | स्वास्थ्य शाखा | आ.व.२०८२/०८३ | | ✓ |
| | | स्थानीय तहको कार्यालय,अस्पताल, स्वास्थ्य चौकी र सार्वजनिक स्थलहरू (पब्लिक प्लेस) हरूमा अलग्गै स्तनपान कक्षको व्यवस्थालाई अनिवार्यताको लागि पहल गर्ने। | कार्यपालिका | कार्यपालिका | स्वास्थ्य शाखा | आ.व.२०८२/०८३ | | ✓ |
| | | विपन्न वर्गको लागि स्वास्थ्य विमा अनुदान कार्यक्रम लागु गर्ने। | स्वास्थ्य शाखा | गाउँसभा | स्वास्थ्य शाखा | आ.व.२०८२/०८३ | ✓ | |
| | | आर्थिक अवस्था कमजोर भएका बालबालिकाका लागि दिवा खाजा, निशुल्क पाठयपुस्तक र शैक्षिक सामाग्री तथा पोशाक व्यवस्थापन गर्ने। | सामाजिक विकास शाखा | गाउँसभा | शिक्षा शाखा | आ.व.२०८२/०८३ | ✓ | |
| | | वैदेशिक रोजगार जानेहरूको क्षमता विकास कार्यकम अभिमुखीकरण कक्षा सञ्चालन गर्ने। | रोजगार शाखा | कार्यपालिका | रोजगार शाखा | आ.व.२०८२/०८३ | | ✓ |
| | | ग्रामीण महिला प्राविधिकहरू (पशु सेवा,कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिक र | सम्बन्धित शाखा प्रमुख | कार्यपालिका | सम्बन्धित शाखा प्रमुख | आ.व.२०८२/०८३ | | ✓ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सामाजिक परिचालन तयारीको लागि तालिम तथा विशेष कक्षा सञ्चालन गर्ने। | | | | | | |
| | | गरिब तथा वञ्चितीकरणमा परेका समुदायको पहुँच र क्रयशक्ति अनुरूप सुपथ सहकारी पसल सञ्चालन गर्ने। | सहकारी शाखा | कार्यपालिका | सामाजिक शाखा | आ.व.२०८२/०८३ | ✓ | |
| सुशासन र उत्तरदायित्व | | बेइजिङ्ग घोषणा पत्र लगायत लैससास सम्बन्धीअन्तराष्ट्रिय सन्धी सम्झौता विषयलाई समेटर कर्मचारी र कार्यपालिका सदस्यलाई अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। | प्रशासन शाखा | कार्यपालिका | महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा | आ.व.२०८२/०८३ | | ✓ |
| | | सार्वजनिक सुनुवाइ कार्यक्रममा लक्षित वर्गको सहभागिता अभिवृद्धि गर्ने। | कार्यपालिका | कार्यपालिका | महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा | आ.व.२०८२/०८३ | | ✓ |
| | | स्थानीय सूचनाहरू स्थानीय भाषामा प्रकाशन तथा प्रशारण गर्ने गराउने। | प्रशासन शाखा | कार्यपालिका | प्रशासन शाखा | आ.व.२०८२/०८३ | ✓ | |
| | | लैससास सम्बन्धी जनचेतनामूलक सन्देश कार्यकम स्थानीय भाषामा प्रशारण तथा प्रकाशन | सामाजिक विकास शाखा | कार्यपालिका | महिला,बालबालिका तथा जेष्ठ नागरिक शाखा | आ.व.२०८२/०८३ | ✓ | |
| | | राष्ट्र संघीय सुरक्षा परिषदबाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन, राष्ट्रिय कार्ययोजना, मानवअधिकार कार्ययोजना तथा छुवाछुत विरूद्धको कार्ययोजना सम्बन्धी अन्तरक्रिया,छलफल कार्यक्रम | सामाजिक विकास शाखा | कार्यपालिका | महिला बालबालिका शाखा | आ.व.२०८२/०८३ | | ✓ |

## ११. निष्कर्ष

यस मेलुङ गाउँपालिकाले पहिलो पटक लैससास परीक्षण गरेको हुनाले यस विषयको संवेदनशीलतालाई महत्व दिएको देखिन्छ। यस परीक्षणबाट प्राप्त नतिजालाई हेर्दा यस क्षेत्रमा मेलुङ गाउँपालिकाले थप काम गर्नुपर्ने देखिन्छ। जनप्रतिनिधि र कर्मचारीहरूलाई आवश्यकता अनुसार लैससासको अवधारणा, महत्व र कार्यान्वयन प्रक्रियामा प्रशिक्षित गर्नुपर्ने देखिन्छ। कार्यपालिका सदस्यहरू रहेको समितिहरू र कतिपय भईरहेका कार्यहरूको बारेमा जानकारी अभाव रहेको देखिन्छ भने व्यवहारिक रूपमा लैससास सम्बन्धी कार्यहरू गरिराखेका भएतापनि अभिलेखिकरण नहुँदा त्यसको असर प्राप्त अंकमा पर्न गएको छ। कतिपय सूचकहरूको विषयमा गाउँपालिकामा तहगत बुझाइ फरक हुँदा त्यसको पनि प्रभाव अंकमा परेको छ। नीतिहरूमा लैससास सम्बन्धी व्यवस्था भएतापनि बजेट तर्जुमा गर्दा त्यस्ता विषयहरूले कम प्राथामिकता पाउने गरेका छन्। यद्यपि महिला, दलित, अपाङ्ग विपन्न वर्गको लागि केहि कार्यक्रमहरू भने गाउँपालिकाले गर्दै आईरहेको छ। कार्यपालिका सदस्यहरूलाई लैससास सम्बन्धी क्षमता विकासका कामहरू आगामी दिनमा सञ्चालन गर्न आवश्यक रहेको छ। नीतिहरू बने तापनि लैससासको दृष्टिकोणबाट समिक्षा गर्ने परिपाटीको विकास गर्नुपर्ने आवश्यकता रहेको छ। महिला शाखा सक्रिय र गाउँपालिकाको नेतृत्व तहका यस विषयमा सक्रियताले न्यून अङ्क प्राप्त गरेका क्षेत्रहरूमा आगामी आर्थिक वर्षमा थप कार्यहरू गर्ने प्रतिवद्धताले पनि यस गाउँपालिकाको आगामी वर्षमा गरिने लैससास परीक्षणमा अहिलेको भन्दा थप राम्रो भएर जाने अपेक्षा गर्न सकिन्छ।

## १२. सुझाव

- लैससास सम्बन्धी नीति, रणनीति, कार्यविधिहरूलाई पूर्णता दिनुपर्ने आवश्यकता रहेको छ,
- कार्यपालिका सदस्यहरूलाई आवधिक रूपमा लैससास सम्बन्धी अभिमुखीकरण गर्नु अति नै आवश्यक छ,
- सम्पन्न कार्यहरूको अभिलेखीकरणमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखिन्छ,
- बजेट तर्जुमाको दौरानमा लैङ्गिक उत्तरदायी बजेट विश्लेषण गर्नुपर्ने,
- विपन्न वर्गलाई स्वास्थ्य विमा कार्यक्रममा संलग्न गराउनु पर्ने देखिन्छ।
- सञ्चालित कार्यक्रमहरूको लैससास दृष्टिले प्रभाव मूल्याङकन गर्न आवश्यक रहेको छ,
- लैससास परीक्षणमा जिम्मेवार व्यक्तिहरू सुरूदेखि नै संलग्न हुँदा गरिएका क्रियाकलापहरूको बारेमा जानकारी प्राप्त हुने हुँदा यसतर्फ विशेष ध्यान पुऱ्याउने आवश्यक देखिन्छ,
- लैससास परीक्षण अन्तर्गत निर्धारित सूचकहरूलाई वर्गीकरण गरी सम्बन्धित शाखा वा समितिहरूलाई यसप्रति जिम्मेवार बनाउनुपर्ने आवश्यकता रहेको छ,
- संयुक्त राष्ट्रसंघबाट पारिक प्रस्ताव नं. १३२५ र प्रस्ताव नं. १८२० अन्तर्गत नेपाल सरकारले तयार गरेको राष्ट्रिय कार्ययोजना (दोस्रो) बारे अभिमुखीकरण, कार्यान्वयन र यससँग सम्बन्धित समिति र उपसमिति गठन जस्ता कार्यहरू गरिनुपर्ने देखिन्छ,

- महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन सम्बन्धी महासन्धी १९७९, दिगो विकास लक्ष्य अन्तर्गत महिलाका सवाल र नेपाल सरकारले अन्तराष्ट्रियस्तरमा गरेका प्रतिवद्धतालाई पूर्णता दिने खालका कार्यक्रमहरूमा जोड दिनुपर्ने आवश्यकता रहेको छ,
- सबै तहका नीतिहरूमा GESI समावेशीकरण सुनिश्चित गर्ने स्पष्ट मार्गदर्शन र कानुनी प्रावधान बनाइनु पर्छ,
- GESI लाई अनिवार्य तत्वको रूपमा सम्बोधन गर्ने "GESI Mainstreaming Framework" को विकास र प्रयोग गर्नुपर्छ,
- GESI फोकल पर्सन/समिति केवल नामका लागि नभइ कार्यसम्पादनका लागि जिम्मेवार र अधिकारसहित परिचालन गर्नुपर्छ,
- सबै कार्यक्रमहरूमा लिङ्ग, जात, वर्ग, उमेर, अपाङ्गता, भौगोलिक क्षेत्र इत्यादिका आधारमा विवरण सङ्कलन गर्नुपर्छ।

## अनुसूची-१

### सूचकगत प्राप्ताङ्क विवरण

| क्र.स. | मुख्य सूचक | सहायक सूचक | अङ्क | सूचक नं | सूचक | सूचक को अङ्क | प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|---|
| १ | नीति, कानुन, योजना २० | नीति र कानुनमा समावेशीता, सहभागिता | ८ | १.१.१ | स्थानीय तहको नीति तथा कानुनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण,पूर्व दस्तावेजको समीक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको विषयवस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरे \नगरेको । | ०-१ | १ |
| २ | | | | १.१.२ | स्थानीय तहले आफ्ना नीति, कानुन, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा वा विश्लेषण गरी सुनिश्चित गर्ने गरे /नगरेको । | ०-१ | १ |
| ३ | | | | १.१.३ | स्थानीय तहको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरू) सम्वन्धी विषयहरू समावेश भए /नभएको । | ०-१ | १ |
| ४ | | | | १.१.४ | महिला र पुरूष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास, सामाजिक विभेदको अन्त्य तथा लैससास परीक्षण गर्ने अलग्गै नीतिहरू छन् / छैनन् ? (स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था गरे/नगरेको । | ०-१ | १ |
| ५ | | | | १.१.५ | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला, किशोरी,बालिकाहरू तथा लक्षित वर्ग लगायतमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरू अन्त्य गर्ने प्रावधान राखिएको / नराखिएको । | ०-१ | १ |
| ६ | | | | १.१.६ | संघीय कानुनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाए / नमिलाएको । | ०-१ | १ |
| ७ | | | | १.१.७ | स्थानीय नीति तथा कानुनमा महिला, पुरूष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा विभेद अन्त्य गर्ने प्रावधान रहे /नरहेको । | ०-१ | ०.५ |
| ८ | | | | १.१.८ | स्थानीय तहको नीति तथा कानुनमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवि उपर हुने विभेद रोक्ने प्रावधान रहे / नरहेको | ०-१ | ०.५ |
| | | | जम्मा | | | | ७ |
| ९ | | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | १.२.१ | आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र सोको मापनयोग्य लक्ष्य समावेश गरे/नगरेको। | ०-१ | १ |
| १० | | | | १.२.२ | गाउँपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा सबै लक्षित समूहको अवस्था विश्लेषणको आधारमा सो समूहलाइ प्रत्यक्ष्य फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने गरे / | ०-१ | ०.५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | नगरेको। | | |
| ११ | | | | १.२.३ | स्थानीय तहको योजना पहिचान तथा छनौट गर्दा लक्षित समूहको सक्रिय सहभागिता हुने गरे, नगरेको र लक्षित समूले छनौट गरेका योजना प्राथमिकता मा पर्ने गरे / नगरेको। | ०-१ | ०.५ |
| १२ | | | | १.२.४ | योजना तर्जुमा गर्दा महिला तथा लक्षित समूहको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल हुने गरे/नगरेको। | ०-१ | ०.५ |
| १३ | | | | १.२.५ | योजना तर्जुमा गर्दा महिला र पुरूष एवं लक्षित समुहको छुट्टाछुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने गरिए /नगरिएको। | ०-१ | ०.५ |
| १४ | | | | १.२.६ | स्थानीय तहले दिगो विकासका लक्ष्यहरू विशेष गरेर लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी सो अनुसारको बजेट विनियोजन हुने गरे / नगरेको। | ०-१ | ०.५ |
| १५ | | | | १.२.७ | स्थानीय तहका योजना महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्नेगरी बने / नबनेको। | ०-१ | १ |
| १६ | | | | १.२.८ | स्थानीय तहका उपभोक्ता समितिहरूमा लक्षित समूहका प्रतिनिधि सहित कम्तीमा ४०% महिलाहरूको सहभागिता भए/नभएको र मुख्य कार्यकारी पदको जिम्मेवारी दिए / नदिएको। | ०-१ | १ |
| | | | जम्मा | | | | ५.५ |
| १७ | | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | १.३.१ | बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपूर्व समुदायका महिला, बालबालिका,अपाङ्ग,जनजाति,मधेशी, मुश्लिम, पिछडा वर्ग,दलित लगायत सबै लक्षित वर्ग र समुदायसँग छलफल (विश्लेषण) गर्ने गरिए / नगरिएको। | ०-१ | ०.५ |
| १८ | | | | १.३.२ | स्थानीय तहमा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परीक्षण नियमितरूपमा गर्न बजेटको व्यवस्था गरिए / नगरिएको र सोको कार्यान्वयन भए/ नभएको। | ०-१ | ०.५ |
| १९ | | | | १.३.३ | परीक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि बजेट तथा कार्यक्रम वार्षिक योजनामा समावेश गरिए /नगरिएको र सो को कार्यान्वयन भए/नभएको। | ०-१ | ०.५ |
| २० | | | | १.३.४ | स्थानीय तहको वार्षिक विकास कार्यक्रममा लक्षित समूहको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितमा कार्ययोजना अनुरूप कार्यक्रम संचालन गर्ने गरिए /नगरिएको। | ०-१ | १ |
| | | | जम्मा | | | | २.५ |
| २१ | | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | ४ | २.१.१ | स्थानीय तहको निर्णायक तहमा महिलाहरू (पदाधिकारी/कर्मचारी) को समानरूपमा ( ५० /५० प्रतिशत) प्रतिनिधित्व भए/नभएको। | ०-१ | ०.५ |
| २२ | | | | २.१.२ | स्थानीय तहका कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, क्षेत्र, | ०-१ | ०.५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | लिङ्ग र समुदाय लगायत लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व हुने रणनीति लिए/नलिएको र सो बमोजिम कार्यान्वयन भए/नभएको। | | |
| २३ | | | | २.१.३ | स्थानीय तहले महिला लगायत विशेष जातजाति तथा समुदायलाई सेवा प्रदान गर्दा सम्वन्धित लक्षित वर्ग वा समुदायको भाषा, संस्कृति र रहन सहन बुझेको साथै महिला कर्मचारी वा जनप्रतिनिधि समेत समावेश भएको कार्यटोली वा शाखा मार्फत सेवा दिने गरे/नगरेको। | ०-१ | ०.५ |
| २४ | | | | २.१.४ | जनप्रतिनिधिहरू तथा कर्मचारीहरूलाई क्षमता विकासको अवसर प्रदान गर्दा महिला तथा वञ्चितिकरणमा परेका समुदायलाई पहिलो प्राथमिकता दिई सबैलाई समान अवसर प्रदान गर्ने गरी सकारात्मक विभेदको नीति लिए/नलिएको तथा उक्त नीति कार्यन्वयन गरिए/नगरिएको। | ०-१ | ०.५ |
| | | | जम्मा | | | | २ |
| २५ | | | ४ | २.२.१ | महिला र पुरूषबिचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानीय तहको निश्चित कार्यनीति रहे/नरहेको। | ०-१ | ०.५ |
| २६ | संस्थागत व्यवस्था २० | कार्यप्रणाली समावेशी | | २.२.२ | स्थानीय तहमा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था छ/छैन ? (लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति वा यस्तै कुनै संरचनाको व्यवस्था कार्यशर्त र जिम्मेवारी किटान सहित गरे /नगरेको। | ०-१ | १ |
| २७ | | | | २.२.३ | स्थानीय तहबाट कार्यालयमा हुन सक्ने कुनै पनि प्रकारको दुर्व्यवहार, भेदभाव, महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गरे/नगरेको। | ०-१ | १ |
| २८ | | | | २.२.४ | योजना तर्जुमा समितिलाई सुझाव दिने दस्तावेज तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता भए/ नभएको र यस समितिले वडा तथा बस्तिस्तरमा योजाना सम्वन्धी छलफल समावेशी भए नभएको अनुगमन गरे /नगरेको। | ०-१ | ०.५ |
| | | | जम्मा | | | | ३ |
| २९ | | | ४ | २.३.१ | स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितीकरणमा परेको समुदायबाट महिला र पुरूषको समावेशी प्रतिनिधित्व हुने व्यवस्था रहे / नरहेको। | ०-१ | १ |
| ३० | | | | २.३.२ | स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा महिला तथा वञ्चितीकरणमा परेको समुदायका प्रतिनिधिहरूले छलफल तथा निर्णय निर्माणमा सक्रियरूपमा भागलिन पाए /नपाएको। | ०-१ | ०.५ |
| ३१ | | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व | | २.३.३ | स्थानीय तहमा सञ्चालित कार्यक्रमहरूको अनुगमन र समीक्षा सम्वन्धी कार्यमा स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितीकरणमा परेको समुदायको हितहुने गरी विश्लेषण सहित नीतिगत र कार्यगत सुझाव दिने गरे /नगरेको। | ०-१ | ० |
| ३२ | | | | २.३. | स्थानीय तहले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला | ०-१ | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | तथा वञ्चितीकरणमा परेको समुदायको हितहुने गरी दिइएका नीतिगत र कार्यगत सुझावहरूको कार्यान्वयन हुने गरे /नगरेको। | | |
| | | | **जम्मा** | | | | १.५ |
| ३३ | | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता | ४ | २.४.१ | स्थानीय तहमा लैङ्गिक हिँसा निवारण,महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिवृद्धि जस्ता विषयमा स्रोत व्यवस्थापनका लागि वार्षिक आर्थिक ऐनमा उल्लेख गरी छुट्टै कोष स्थापना गरी कार्यान्वयन भए/नभएको। | ०-१ | ०.५ |
| ३४ | | | | २.४.२ | आदिवासी जनजाति, दलित लगायत अन्य लक्षित समूहका महिलाहरूको विकास र सशक्तीकरणको लागि वजेटको व्यवस्था भएको/नभएको र उनीहरूको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरे/नगरेको। | ०-१ | १ |
| ३५ | | | | २.४.३ | स्थानीय तहमा लैङ्गिक डेस्कको स्थापना र संचालनको लागि आवश्यक जन शक्ति लगायत अन्य स्रोत साधनकोलागि बजेटको व्यवस्था भए/नभएको र सो अनुसार कार्य भए/नभएको। | ०-१ | ०.५ |
| ३६ | | | | २.४.४ | स्थानीय तहले समावेशी सूचना प्रणाली व्यवस्थापन गर्न बजेटको व्यवस्था गरे /नगरेको र कम्प्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्बन्धी सूचना दिने गरे/नगरेको। | ०-१ | १ |
| | | | **जम्मा** | | | | ३ |
| ३७ | | तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन | ४ | २.५.१ | स्थानीय तहले वडा तथा वस्तीस्तरका समुदायका आधारभूत खण्डीकृत सूचना/तथ्याक संकलन तथा अधावधिक गर्ने गरेको/नगरेको। | ०-१ | १ |
| ३८ | | | | २.५.२ | स्थानीय तहले वडा तथा वस्तीस्तरका समुदायका आधारभूत खण्डीकृत सूचना/तथ्याँक संकलन गर्दा बेरोजगार तथा गरिबको पहिचान गरी छुट्टाछुट्टै नक्साङ्कन गर्ने गरे /नगरेको। | ०-१ | ०.५ |
| ३९ | | | | २.५.३ | स्थानीय तहले आफ्नो पार्श्वचित्रमा आधारित खण्डीकृत तथ्यांक र सूचनालाई आधार मानी स्थानीय विकास योजना तर्जुमा गर्ने गरे/नगरेको। | ०-१ | ०.५ |
| ४० | | | | २.५.४ | स्थानीय तहले आफ्नो क्षेत्रका सामाजिक सुरक्षाका सुविधा पाउने लाभग्राहीहरू र पञ्जीकरणको अभिलेख व्यवस्थापन तथा तथ्याँक अधावधिक गरे /नगरेको। | ०-१ | १ |
| | | | **जम्मा** | | | | ३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४१ | मानव संसाधन तथा क्षमता विकास २० | मानव संसाधन तथा क्षमता विकास | ८ | ३.१.१ | लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरे/नगरेको र छुट्टै शीर्षकमा बजेट विनियोजन भए/नभएको र यस्तो रकम खर्च गर्ने कार्यविधि स्वीकृत भइ कार्यान्वयनमा आए /नआएको। | ०-१ | ०.५ |
| ४२ | | | | ३.१.२ | स्थानीय तहका पदाधिकारी/कमर्चारी/ लक्षित समुहले लैङ्गिक तथा समावेशी विकास, लैंगिक हिंसा निवारण सम्बन्धी तालिम लिए/नलिएको र तालिम कार्यकममा लक्षित समूह तथा महिला र पुरूषको समान सहभागिता र उपस्थिति सुनिश्चित गरे/नगरेको। | ०-१ | ०.५ |
| ४३ | | | | ३.१.३ | तालिमका विषयवस्तुमा  महिलाका आवश्यकता तथा सवालहरू समेटिए/नसमेटिएको र प्रस्तुतीकरणमा लैङ्गिक संवेदनशील भाषाको प्रयोग भए/नभएको तथा  तालिमको गुणस्तर,सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिए/नलिएक। | ०-१ | ०.५ |
| ४४ | | | | ३.१.४ | स्थानीय तहमा महिला तथा लक्षित समूहका पदाधिकारीको क्षमता अभिवृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरू (प्राबिधिक तालिम,क्षमता विकास, नेतृत्व विकासको तालिम, भ्रमण आदि)मा वजेट विनियोजन भइ कार्यक्रम संचालन भए/नभएको। | ०-१ | ०.५ |
| ४५ | | | | ३.१.५ | स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम संचालन लगायतका कार्यक्रम  कार्यान्वयन गर्न सक्ने यथेष्ट जनशक्ति भए/नभएको। | ०-१ | १ |
| ४६ | | | | ३.१.६ | स्थानीय तहमा मानव संसाधन विकास केन्द्र/ शाखा/इकाइको व्यवस्था भए/नभएको र ती निकायमा जनशक्ति व्यवस्था गरे/नगरेको। | ०-१ | १ |
| ४७ | | | | ३.१.७ | स्थानीय तहमा महिला र लक्षित समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन कार्यक्रम रहे/नरहेको र सो कार्यक्रम कार्यान्वयन भए /नभएको। | ०-१ | ० |
| ४८ | | | | ३.१.८ | महिला हक हित र अधिकार सम्वन्धी बेइजिङ्ग घोषणापत्रले समेटेका वाह्रवटा प्रतिवद्धताका सम्वन्धमा स्थानीय तहका पदाधिकारी/ कर्मचारीलाई जानकारी भए/नभएको र सोको अभिमुखीकरण गरे/ नगरेको। | ०-१ | ०.५ |
| | | | **जम्मा** | | | | ४.५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४९ | | अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार विरूद्ध जनचेतना | ४ | ३.२.१ | महिला विरूद्ध हुने सवै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रमका लागि बजेट विनियोजन गरे/नगरेको। | ०-१ | १ |
| ५० | | | | ३.२.२ | लैङ्गिक हिँसा मुक्त गाउँ /गाउँपालिका घोषणा गरे/नगरेको र महिला हिंसा विरूद्ध शून्य सहनशीलताको नीति लिए/नलिएको। | ०-१ | ०.५ |
| ५१ | | | | ३.२.३ | स्थानीय तहले महिला विरूद्ध हुने सवै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रमहरू संचालन गरे/नगरेको। | ०-१ | १ |
| ५२ | | | | ३.२.४ | स्थानीय तहले समाजमा रहेका विभिन्न सामाजिक कुरीति (जातिगत छुवाछुत, छाउपडी, बाल विवाह,बहु विवाह,दाइजो, आदि) हटाउन कार्यक्रमहरू संचालन गरे/नगरेको। | ०-१ | १ |
| | | | जम्मा | | | | ३.५ |
| ५३ | | कानूनी साक्षरता | ४ | ३.३.१ | स्थानीय तहका महिला तथा समावेशी समूहबाट निर्वाचित भएका जनप्रतिनिधि र कार्यरत कर्मचारीलाई नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकार वित्त व्यवस्थापन ऐन, कर्मचारी समायोजन ऐन, मुलुकी संहिताहरू, विषयगत कानुनहरू, स्थानीय तहले जारी गरेका कानुनहरू र अन्य प्रचलित महत्वपूर्ण कानुनहरूको सम्वन्धमा अभिमुखीकरण गरे/ नगरेको। | ०-१ | १ |
| ५४ | | | | ३.३.२ | स्थानीय तहका कार्यपालिका सदस्य,सभाका सदस्य र प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखलाई कानुनको मस्यौदा तर्जुमा सम्बन्धी प्रक्रिया र समस्या समाधान लगायतका विषयवस्तु उपर अभिमुखीकरण गरे /नगरेको। | ०-१ | १ |
| ५५ | | | | ३.३.३ | स्थानीय तहका प्रत्येक वडामा महिलाका लागि कानुनी सचेतना सम्बन्धी अनुशिक्षण कार्यक्रम (कानुनी हक अधिकार, एकल महिला, मानव बेचविखन, छाउपडी प्रथा, यौनहिंसा, आदि) संचालन भए/नभएको। | ०-१ | ० |
| ५६ | | | | ३.३.४ | स्थानीय तहमा महिलाको लागि संचालित कानूनी सचेतना सम्वन्धी अनुशिक्षण कार्यक्रम (कानूनी हक अधिकार, एकल महिला, मानव बेचविखन, छाउपडी प्रथा, यौनहिँसा, आदि) बाट उनीहरू लाभान्वित भए/नभएको। | ०-१ | ० |
| | | | जम्मा | | | | २ |
| ५७ | | विपद व्यवस्थापनमा समावेशिता | ४ | ३.४.१ | स्थानीय तहले विपद व्यवस्थापन सम्वन्धी मापदण्ड, रणनीति,कार्यनीति लगायत कार्यविधि तयारी गर्दा महिला तथा लक्षित वर्ग वा  समुदायसँग परामर्श गरे/ नगरेको र यस्ता दस्तावेजमा उक्त वर्ग र समुदायलाई  लक्षित गरी विशेष राहत र महिला पुरूषलाई अलग अलग  संरक्षणको प्रावधान राखे/नराखेको। | ०-१ | १ |
| ५८ | | | | ३.४.२ | स्थानीय तहमा विपद सम्वन्धी तथ्याङ्क सङ्कलन, नक्साङ्कन तथा व्यवस्थापन गर्दा प्रभावित महिला तथा लक्षित वर्ग वा समुदाय | ०-१ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | समेतको खण्डीकृत तथ्याङ्क राखी आपतकालीन कार्य सञ्चालन तथा राहत वितरण गरे /नगरेको। | | |
| ५९ | | | | ३.५.३ | समुदायमा आधारित विपद् व्यवस्थापन सम्वन्धी कार्य संचालन गर्दा प्रभावित महिला तथा लक्षित वर्ग वा समुदायलाई सहभागी गराई उनीहरूलाई पहिलो प्राथमिकतामा राखे/नराखेको। | ०-१ | १ |
| ६० | | | | ३.५.४ | विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला तथा लक्षित वर्ग वा समुदायको सहभागितामा निर्णय हुने गरे /नगरेको। | ०-१ | १ |
| | | | **जम्मा** | | | | ४ |
| ६१ | **सेवा प्रवाह २०** | **पूर्वाधार विकास** | ४ | ४.१.१ | स्थानीय तहका भवन,भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणको लागि ड्रइङ, डिजायन,लागत अनुमान तयार गर्दाका बखत संरचना निर्माण भएपछि महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिले निर्बाध प्रयोग गर्न सकिने गरी लैङ्गिक तथा यौनिक अल्पसंख्यक, बालबालिका र अपाङ्गता मैत्री / संवेदनशील संरचनाको प्रावधान सहित हुने गरे /नगरेको। | ०-१ | १ |
| ६२ | | | | ४.१.२ | स्थानीय तहका भवन, भौतिक पूर्वाधार तथा संरचनाहरू, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक पूर्वाधार सम्वन्धी भवन र अन्य संरचनाहरू निर्माण गर्दा महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक,अपाङ्गतामैत्री तथा बालमैत्री दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी निर्माण गरे/नगरेको। | ०-१ | ०.५ |
| ६३ | | | | ४.१.३ | स्थानीय तहले १५०० वर्गफिटभन्दा बढी प्लीन्थ क्षेत्रफल भएका निजी तथा सार्वजनिक भवन तथा संरचना निर्माण सम्बन्धी नक्सा स्वीकृत गर्दा महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गतामैत्री तथा बालमैत्री दृष्टिकोणबाट समेत उपयुक्त हुने गरी संरचना निर्माण गर्ने प्रावधान सहित स्विकृति दिने गरे/गरेको तथा सो वमोजिम निर्माण कार्य हुने गरे/नगरेको। | ०-१ | ०.५ |
| ६४ | | | | ४.१.४ | स्थानीय तहले महिला लगायत लक्षित समुदायलाई लक्ष्य गरी परम्परागत तथा आधुनिक उर्जा (जलविद्युत लगायत विभिन्नवैकल्पिक उर्जा स्रोतबाट प्राप्त हुने उर्जा,सुधारिएको चुलो, आदि) को प्रयोग गर्न प्रोत्साहन गर्ने आयोजनाहरू संचालन गरे/नगरेको। | ०-१ | ० |
| | | | **जम्मा** | | | | २ |
| ६५ | | **प्रजनन् स्वास्थ्य** | ४ | ४.२.१ | प्रजनन् स्वास्थ्य सम्वन्धी वार्षिक नीति र कार्यक्रममा गर्भवती महिलालाई जोखिमयुक्त तथा खतरायुक्त काममा नलगाउने व्यवस्था गरी सोको कार्यन्वयन गरे /नगरेको । | ०-१ | ०.५ |
| ६६ | | | | ४.२.२ | स्थानीय तहको कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी र सम्भव भएका सार्वजनिक स्थलहरूमा कर्मचारी लगायत सेवाग्राहीलाइ लक्षित गरी अलग्गै स्तनपान कक्षको व्यवस्था गरे नगरेको र सो को कार्यन्वयन भए/नभएको । | ०-१ | १ |
| ६७ | | | | ४.२.३ | परिवार नियोजन, मातृ शिशु कल्याण,, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा, जनस्वास्थ लगायत महिलाहरूको स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरू (सुत्केरी हुँदाको स्वास्थ्य अवस्था सुधार | ०-१ | ०.५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | गर्न, किशोरीहरूको लागि प्रजनन र यौन शिक्षा आदानप्रदान गर्न,एचआईभी एड्स, स्तन क्यान्सर, पाठेघरको क्यान्सर र आङ खस्ने लगायतका विषयहरू)  संचालन गरे/नगरेको। | | |
| ६८ | | | | ५.२.४ | महिला, आर्थिकरूपले विपन्न घर परिवार लगायत लक्षित समूहको स्वास्थ्य बिमा गर्न सहजीकरण र सहयोग गर्ने कार्यक्रम र बजेट व्यवस्था गरे/नगरेको तथा सोको कार्यान्वयन गरे/नगरेको। | ०-१ | १ |
| | | | जम्मा | | | | ३ |
| ६९ | | शिक्षा कार्यक्रम | ४ | ५.३.१ | स्थानीय तहले आफ्नो क्षेत्र भित्रका विद्यालय जाने उमेर समूहका सबै बालबालिकालाई विद्यालयमा भर्ना गराउने प्रबन्ध मिलाए /नमिलाएको र सो उमेर समुहका सबै बालबालिकाहरू विद्यालय भर्ना भए/नभएको। | ०-१ | १ |
| ७० | | | | ५.३.२ | स्थानीय तहले आफ्नो क्षेत्र भित्रका आर्थिक अवस्था कमजोर भएका परिवारका बालबालिका तथा लक्षित समुदायका सबै बालबालिकालाई दिवा खाजा, निशुल्क पाठ्यपुस्तक, शैक्षिक सामाग्री तथा पोसाक र छात्रवृत्तिको व्यवस्था गरी निष्पक्ष वितरण हुने प्रवन्ध मिलाए /नमिलाएको। | ०-१ | १ |
| ७१ | | | | ५.३.३ | निरक्षर महिलाहरूको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरू संचालन गर्ने नीति तथा वजेट र कार्यक्रम भए/नभएको तथा सो अनुरूप कार्यक्रमहरू (जस्तैः अभिभावक शिक्षा, प्रौढ तथा किशोरी कक्षा, आदि )  कार्यान्वयन  भए / नभएको। | ०-१ | ०.५ |
| ७२ | | | | ५.३.४ | विद्यालयमा छात्र र छात्रा तथा यौनिक अल्पसंख्यकका लागि छुट्टा छुट्टै शौचालय, पानीको व्यवस्था, किशोरी छात्राको लागि सेनेटरि प्याड, साबुन लगायत आवश्यक सामाग्रीको व्यवस्थाको साथै यौन शिक्षा तथा सहजीकरण कार्यक्रम संचालन हुने गरे /नगरेको। | ०-१ | १ |
| | | | जम्मा | | | | ३.५ |
| ७३ | | खानेपानी तथा सरसफाइ | ४ | ५.४.१ | स्थानीयतहका कार्यालय तथा सार्वजनिक स्थलहरूमा सफा पिउने पानी, हात धुने व्यवस्था, महिला, पुरुष तथा यौनिक अल्पसंख्यकको लागि अलग्गै शौचालयको व्यवस्था र साबुन तथा स्यानिटाइजर, आदिको प्रवन्ध गरे /नगरेको। | ०-१ | १ऽ। |
| ७४ | | | | ५.४.२ | स्थानीय तहको आयोजना तथा स्थानीय महिलाहरूको सक्रिय सहभागितामा खुला दिसामुक्त पालिका,घरघरमा शौचालय, पिउने पानी, पोखरी  टोल सफाइ अभियान जस्ता कार्यक्रम सञ्चालन हुने गरे /  नगरेको। | ०-१ | ०.५ |
| ७५ | | | | ५.४.३ | स्थानीय तहका सबै गाउँ, वस्ती तथा टोलटोलमा कुहिने र नकुहिने घरायसी फोहोर छुट्याउने व्यवस्था, फोहोर संकलन तथा विसर्जन,घरघरमा भान्छाको फोहोर र पानीबाट करेसाबारी, कौसीखेती तथा गमला र फूलबारी जस्ता कार्यक्रममा महिला र पुरूषको समान सहभागिता अभिवृद्धि गर्न जनचेतना लगायत कार्यक्रम सञ्चालन हुने गरे /नगरेको। | ०-१ | ०.५ |
| ७६ | | | | ५.४.४ | स्थानीय तहका गाउँ, टोल, वस्तीहरूमा सफापानीको सहज व्यवस्थाका लागि आकासेपानी संकलन र भण्डारण, परम्परागत | ०-१ | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | इनार र कुवाको पुनर्जीविकरण र रिचार्जिङ जस्ता कार्यक्रम स्वीकृत भए/नभएको र ती कार्यक्रम सञ्चालन गर्दा स्थानीय महिलाहरूको सक्रिय सहभागितामा हुने गरे /नगरेको। | | |
| | | | जम्मा | | | | २ |
| ७७ | | स्वरोजगार तथा आय आर्जन र बजार व्यवस्थापन | ४ | ४.५.१ | स्थानीय तहको आवधिक योजना, वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा बेरोजगारी र गरीबि नक्साङ्कन समेतको आधार लिई महिला तथा लक्षित समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू समावेश गरी कार्यान्वयन गरे/नगरेको। | ०-१ | १ |
| ७८ | | | | ४.५.२ | स्थानीय तहले स्वरोजगार तथा वैदेशिक रोजगारीमा जाने महिला तथा लक्षित समुहको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गरे /नगरेको। | ०-१ | ०.५ |
| ७९ | | | | ४.५.३ | ग्रामीण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, खाद्य प्रविधि, वन, स्वास्थ्य र पूर्वाधार लगायतका विषय सम्बन्धी प्राविधिक)र सामाजिक परिचालक तयार गर्ने नीति लिइ सो अनुरूप कार्यक्रम संचालन गरे /नगरेको । | ०-१ | ० |
| ८० | | | | ४.५.४ | गरिब तथा लक्षित समुहको पहुँच र क्रयशक्ति अनुरूप सुपथ मूल्य सहकारी पसलहरूको व्यवस्थापन गर्ने स्थानीय तहको नीति रहे/नहरेको र सो अनुरूप कार्यक्रम कार्यान्वयन भए /नभएको। | ०-१ | ०.५ |
| | | | जम्मा | | | | २ |
| ८१ | | सुशासन | ४ | ५.१.१ | स्थानीय तहले सेवा प्रवाह, विकास निर्माण र सुशासन प्रवर्धनका विषयमा नीति, कानुन जारी गरी सोही बमोजिम तोकिएका पदाधिकारी/ समिति/ कार्यदलबाट निर्णय गरी कार्य गर्ने गरेको वा तदर्थ (पटके/ स्वेच्छाअनुरूप) निर्णय गरी कार्य हुने गरेको। | ०-१ | १ |
| ८२ | | | | ५.१.२ | स्थानीय तहले विधिको शासन प्रवर्धन, जनसहभागिता अभिवृद्धि, भ्रष्टाचार विरूद्ध शून्य सहनशीलता,सेवा प्रवाहमा निष्पक्षता र महिला तथा लक्षित समुहलाई अग्राधिकार दिने नीति लिई सो बमोजिम कार्यान्वयन गरे/नगरेको। | ०-१ | १ |
| ८३ | | | | ५.१.३ | महिला अधिकार तथा समानताका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरूका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गर्ने गरेको/नगरेको। | ०-१ | १ |
| ८४ | | | | ५.१.४ | संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी, १९८९ मा उल्लेख भए अनुरूपका  प्रतिबद्धता कार्यान्वयन गर्न रकम विनियोजन गरी कार्यक्रम संचालन गरे/नगरेको। | ०-१ | १ |
| | | | जम्मा | | | | ४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८५ | सुशासन तथा उत्तरदायित्व २० | उत्तरदायित्व र जवाफदेहिता | ४ | ५.२.१ | स्थानीय तहले नियमितरूपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण गर्ने गरे /नगरेको। | ०-१ | ०.५ |
| ८६ | | | | ५.२.२ | स्थानीय तहले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित समुहका व्यक्ति तथा समुदायका सदस्यको उपस्थिति रहने गरे /नगरेको। | ०-१ | ०.५ |
| ८७ | | | | ५.२.३ | स्थानीय तहले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित समुदायको तर्फबाट स्थानीय तहले लिएको नीति तथा कार्यक्रम र सो को कार्यान्वयका विषयमा प्रश्न उठ्ने गरे/नगरेको र सोको अभिलेख राखी उठेका प्रश्नउपर स्थानीय तहबाट सम्बोधन हुने गरे /नगरेको। | ०-१ | ०.५ |
| ८८ | | | | ५.२.४ | स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वयनमा ल्याए /नल्याएको। | ०-१ | ०.५ |
| | | | जम्मा | | | | २ |
| ८९ | | सूचना तथा संचार | ४ | ५.३.१ | स्थानीय तहले नियमितरूपमा समग्र वार्षिक योजना तथा कार्यक्रम सार्वजनिक गर्ने गरे /नगरेको र महिला, लगायत अन्य सबै लक्षित समूहका लागि राखिएका कार्यक्रम तथा सोको बजेट सरोकारवालाले थाहा पाउने गरी सार्वजनिक गरे /नगरेको। | ०-१ | ०.५ |
| ९० | | | | ५.३.२ | स्थानीय तहले स्थानीय सूचना सबैले बुझ्ने गरी स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने गरे / नगरेको । | ०-१ | ० |
| ९१ | | | | ५.३.३ | स्थानीय तहले स्थानीय रेडियो,एफ.एम, छापा लगायत श्रव्यदृश्य समेतका सबै माध्यमद्वारा लैंगिक समानता तथा समावेशीकरण सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सूसुचित गरे/नगरेको। | ०-१ | १ |
| ९२ | | | | ५.३.४ | स्थानीय तहमा महिला लगायत सबै लक्षित समुहमा सूचना, शिक्षा तथा संचार सम्बन्धी कार्यक्रमको प्रवाहबाट जनचेतना वृद्धि भएको/नभएको। | ०-१ | १ |
| | | | जम्मा | | | | २.५ |
| ९३ | | अनुगमन तथा मूल्याङ्कन | ४ | ५.४.१ | स्थानीय तहबाट संचालित कार्यक्रम तथा परियोजनाबाट सबै लक्षित वर्ग तथा समुदायले लाभ लिन सके/नसकेको। | ०-१ | ०.५ |
| ९४ | | | | ५.४.२ | स्थानीय तहले संचालन गरेका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास सम्वन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्दा सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गरे/नगरेको। | ०-१ | ०.५ |
| ९५ | | | | ५.४.३ | स्थानीय तहको समीक्षा बैठकमा महिला लगायत सबै लक्षित वर्ग तथा समुदायको उपस्थितिमा उक्त वर्गसँग सम्बन्धित लक्षित कार्यक्रम उपर छलफल हुने गरे/नगरेको। | ०-१ | ०.५ |
| ९६ | | | | ५.४.४ | अनुगमन तथा मूल्याङ्कनको पृष्ठपोषणलाई सम्बोधन गरी योजना तथा | ०-१ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | कार्यक्रम तयार गरे/नगरेको। | | |
| | | | जम्मा | | | | २.५ |
| ९७ | | समन्वय र सम्बन्ध विस्तार | ४ | ५.५.१ | स्थानीय तहले संघ र प्रदेश सरकारले तय गरेका नीति, कानुन तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गरे /नगरेको। | ०-१ | १ |
| ९८ | | | | ५.५.२ | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबिच सञ्जाल निर्माण भइ कार्यगत छलफल हुने गरे /नगरेको। | ०-१ | ० |
| ९९ | | | | ५.५.३ | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच कार्यगत संयन्त्र (संजाल) का प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्वन्धी क्षमता विकास तालिम प्रदान गरे /नगरेको। | ०-१ | ० |
| १०० | | | | ५.५.४ | महिला विरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धिको राष्ट्रिय कार्ययोजना, संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषदबाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को राष्ट्रिय कार्ययोजना र मानव अधिकार सम्वन्धी राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरूमा रकम विनियोजन गरी कार्यान्वयन गरे /नगरेको। | ०-१ | १ |
| | जम्मा | | | | | | २ |
| कुल जम्मा | | | | | | | ६६.५ |

## अनुसूची-२


### लैससास परीक्षणमा सहभागीहरूको विवरण

| क्र.स. | उपस्थिति नामथर | पद | संस्था | लिङ्ग | सामाजिक समावेशिता | क्षेत्र | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | श्री हिरा कुमार तमाङ | अध्यक्ष | मेलुङ गाउँपालिका | पुरूष | जनजाति | पहाडी | |
| २ | श्री गायत्री आचार्य | उपाध्यक्ष | मेलुङ गाउँपालिका | महिला | ब्राह्मण | पहाडी | |
| ३ | श्री सन्जय शिवाकोटी | प्र.प्र.अ | मेलुङ गाउँपालिका | पुरूष | ब्राह्म | पहाडी | |
| ४ | श्री ईश्वर कोइराला | वडा अध्यक्ष | मेलुङ गाउँपालिका वडा नं. १ | पुरूष | ब्राह्मण | पहाडी | |
| ५ | श्री रामकृष्ण भण्डारी | वडा अध्यक्ष | मेलुङ गाउँपालिका वडा नं. २ | पुरूष | ब्राह्मण | पहाडी | |
| ७ | श्री सोम बहादुर बम्जन लामा | वडा अध्यक्ष | मेलुङ गाउँपालिका वडा नं. ४ | पुरूष | जनजाति | पहाडी | |
| ८ | श्री ललित बहादुर थापा मगर | वडा अध्यक्ष | मेलुङ गाउँपालिका वडा नं. ५ | पुरूष | जनजाति | पहाडी | |
| ९ | श्री कुसुम लामा | वडा अध्यक्ष | मेलुङ गाउँपालिका वडा नं. ६ | पुरूष | जनजाति | पहाडी | |
| १० | श्री नवराज खड्का | वडा अध्यक्ष | मेलुङ गाउँपालिका वडा नं. ७ | पुरूष | क्षत्री | पहाडी | |
| ११ | श्री आङदोर्जे तमाङ | वडा सदस्य | मेलुङ गाउँपालिका वडा नं. ४ | पुरूष | जनजाति | पहाडी | |
| १२ | श्री जुनु वि.क. | दलित महिला सदस्य | मेलुङ गाउँपालिका वडा नं. ४ | महिला | दलित | पहाडी | |
| १३ | श्री पवित्रा वि.क. | दलित महिला सदस्य | मेलुङ गाउँपालिका वडा नं. ५ | महिला | दलित | पहाडी | |
| १४ | श्री प्रमदा खड्का | महिला सदस्य | मेलुङ गाउँपालिका वडा नं. ५ | महिला | क्षत्री | पहाडी | |
| १५ | श्री पूर्ण कुमारीदमाई. | दलित महिला सदस्य | मेलुङ गाउँपालिका वडा नं. ६ | महिला | दलित | पहाडी | |
| १६ | श्री हरिराम चापागाई | सि.अ.हे.व. | मेलुङ गाउँपालिका | पुरूष | ब्राह्मण | पहाडी | |
| १७ | श्री रामकाजी काफ्ले | रोजगार संयोजक | मेलुङ गाउँपालिका | पुरूष | ब्राह्मण | पहाडी | |
| १८ | श्री सजु शिवाकोटी | ईन्जिनियर | मेलुङ गाउँपालिका | पुरूष | ब्राह्मण | पहाडी | |
| १९ | श्री सुमन श्रेष्ठ | कार्यालय सहायक | मेलुङ गाउँपालिका | पुरूष | जनजाति | पहाडी | |
| २० | श्री मिरा घिमिरे | न्यायिक सहजकर्ता | मेलुङ गाउँपालिका | महिला | ब्राह्मण | पहाडी | |
| २१ | श्री शान्ता दहाल कार्की | कार्यपालिका सदस्य | मेलुङ गाउँपालिका | महिला | क्षत्री | पहाडी | |
| २२ | श्री बिन्दा पाण्डे | कार्यपालिका सदस्य | मेलुङ गाउँपालिका | महिला | क्षत्री | पहाडी | |
| २३ | श्री चिरञ्जिवी खनाल | लेखापाल | मेलुङ गाउँपालिका | पुरूष | ब्राह्मण | पहाडी | |
| २४ | श्री आसमान बोम्जन | प्राविधिक सहायक | मेलुङ गाउँपालिका | पुरूष | जनजाति | पहाडी | |
| २५ | श्री नविन प्रसाद सुवेदी | फिल्ड सहायक | मेलुङ गाउँपालिका | महिला | ब्राह्मण | पहाडी | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २६ | श्री शंकर तिवारी | अमिन | मेलुङ गाउँपालिका | पुरुष | ब्राह्मण | पहाडी | |
| २७ | श्री सविन सुवेदी | ना.प्रा.स | मेलुङ गाउँपालिका | पुरुष | ब्राह्मण | पहाडी | |
| २८ | श्री योगेन्द्र कुलुङ | अ.स.ई. | मेलुङ गाउँपालिका | पुरुष | जनजाती | पहाडी | |
| २९ | श्री नविन कुमार गोले | वि.व्य.स. अ. | जुके माध्यमिक विद्यालय | पुरुष | जनजाति | पहाडी | |
| ३० | श्री गिता चन्द्र अधिकारी | पशु सेवा शाखा | मेलुङ गाउँपालिका | पुरुष | ब्राह्मण | तराई | |
| ३१ | श्री नविन के.सी. | कृषि शाखा | मेलुङ गाउँपालिका | पुरुष | क्षत्री | तराई | |
| ३२ | श्री दिनेश थापा | उद्यम विकास सहजकर्ता | मेलुङ गाउँपालिका | पुरुष | क्षत्री | तराई | |
| ३३ | किरण के.सी. | कम्प्युटर अपरेटर | मेलुङ गाउँपालिका | पुरुष | क्षत्री | तराई | |
| ३४ | श्री रेशम मोक्तान | कार्यालय सहायक | मेलुङ गाउँपालिका | पुरुष | जनजाति | पहाडी | |
| ३५ | श्री कमल लकान्द्री | वडा सदस्य | मेलुङ गाउँपालिका | पुरुष | दलित | पहाडी | |
| ३६ | श्री स्वस्थानी अधिकारी | सामुदायिक सहजकर्ता | मेलुङ गाउँपालिका | महिला | क्षत्री | पहाडी | |
| ३७ | श्री कमला चापागाई | लैससास का.स. | मेलुङ गाउँपालिका | महिला | ब्राह्मण | पहाडी | |
| ३८ | श्री ममता दहाल | रोजगार सहायक | मेलुङ गाउँपालिका | महिला | ब्राह्मण | पहाडी | |
| ३९ | श्री सृजना बुढाथोकी | स.म.वि.नि. | मेलुङ गाउँपालिका | महिला | क्षत्री | पहाडी | |
| ४० | श्री पार्वती वि.क. | दलित महिला सदस्य | मेलुङ गाउँपालिका | महिला | दलित | पहाडी | |
| ४१ | श्री निर्मला घतानी | दलित महिला सदस्य | मेलुङ गाउँपालिका | महिला | दलित | पहाडी | |
| ४२ | श्री राममाया लामा | कार्यपालिका सदस्य | मेलुङ गाउँपालिका | महिला | जनजाति | पहाडी | |
| ४३ | श्री उमेश थोकर | चौकीदार | मेलुङ गाउँपालिका | पुरुष | जनजाति | पहाडी | |
| ४४ | श्री कविता श्रेष्ठ | अ.न.मि. | मेलुङ गाउँपालिका | महिला | जनजाति | पहाडी | |
| ४५ | श्री गौतम रिमाल | अ.स.ई. | मेलुङ गाउँपालिका | पुरुष | ब्राह्मण | पहाडी | |
| ४६ | श्री बाबुराम थापा | ह.स.चा. | मेलुङ गाउँपालिका | पुरुष | क्षत्री | पहाडी | |
| ४७ | श्री दिपक श्रेष्ठ | ह.स.चा. | मेलुङ गाउँपालिका | पुरुष | जनजाति | पहाडी | |
| ४८ | श्री मेनुका कार्की | का.स. | मेलुङ गाउँपालिका | महिला | क्षत्री | पहाडी | |
| ४९ | श्री उर्मिला राय | का.स. | मेलुङ गाउँपालिका | महिला | क्षत्री | पहाडी | |
| ५० | श्री लक्ष्मी बुढाथोकी | का.स. | मेलुङ गाउँपालिका | महिला | क्षत्री | पहाडी | |

तस्बिरहरू




लैंगिक समानता तथा सामाजिक
(GESI Audit)


राष्ट्रिय गान


लैंगिक समानता तथा सामाजिक
परीक्षण (GESI Audit)


(GESI Audit)


लैंगिक समानता तथा सामाजिक
समावेशीकरण परीक्षण (GESI Audit)


राष्ट्रिय गान